# लेखापरीक्षण प्रतिवेदन

# सुनवल नगरपालिका, नवलपरासी

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# सुनवल नगरपालिका, नवलपरासी

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/539

"

श्रीमान् नगरप्रमुखज्यू,

सुनवल नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, नवलपरासी ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/539

श्रीमान प्रमुखज्यू ,

सुनवल नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, पश्चिम नवलपरासी।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाट पेशभएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. नगरपालिकाको आय र व्यय तर्फ रु.२ अर्ब ८ करोड ९४ लाख ५९ हजार लेखापरीक्षणबाट रु.८० लाख २० हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.३१ लाख ५३ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु. ८ लाख २८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.९ लाख ३१ हजार, नियमित गर्नुपर्ने रु.३१ लाख ८ हजार गरी जम्मा रु.४८ लाख ६७ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. ३० करोड ८६ लाख ३९ हजार मध्ये रु.१० करोड २२ लाख ३३ हजार सम्परीक्षण भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु.२१ करोड १२ लाख ७३ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

### ३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

### ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत सुनवल नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५९ | १२९ | ८०,२०,२७० | ० | ९८ | ३१,५२,६४२ | ० | ५९ | ३१ | ४८,६७,६२८ | ८,२८,४९९ | ३१,०७,९५२ | ९,३१,१७७ | ० | ० | ४०,३९,१२९ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नवलपरासी बर्दघाट सुस्ता पश्चिम | ३०८६३९००० | ० | १०,२२,३२,७९० | २०६४०६२१० | ० | ४८,६७,६२८ | २११२७३८३८ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **प्रतिक्रियाबाट सम्परीक्षण** | | | | |
| १ | २०८१/८२ | ३६ | शैक्षिक दर्पण प्रकाशन खर्च | १५,३०० |
| २ | २०८१/८२ | ४८ | शिक्षकको तलब भत्ता | ५८,६८४ |
| ३ | २०८१/८२ | ६४ | लगत कट्टा हुनुपर्ने लाभग्राहिको नाममा भुक्तानी | ३,४४,१०० |
| ४ | २०८१/८२ | ५६ | मापदण्ड भन्दा बढी भुक्तानी | ६४,६०० |
| ५ | २०८१/८२ | २७ | भरपाई पेश हुनुपर्ने | ४,००,००० |
| ६ | २०८१/८२ | ३२ | बैठक भत्ता भुक्तानी | ७९,९०० |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८१/८२ | ५३ | पाठ्यपुस्तकमा बढी निकासा | ३,३६,६७८ |
| ८ | २०८१/८२ | ५८ | छात्रबृत्तीमा बढी भुक्तानी | ६७,२३० |
| ९ | २०८१/८२ | ३७ | खर्च मापदण्डको पालना | ७,६५० |
| १० | २०८१/८२ | ६६ | कम्प्युटर तथा प्रिन्टर खरिद | १,००,००० |
| ११ | २०८१/८२ | २३ | अनुगमन भत्ता | १,७८,५०० |
| १२ | २०८१/८२ | २८ | अनुगमन प्रतिवेदन | १५,००,००० |
| | | | **जम्मा** | **३१,५२,६४२** |
| **गत विगतको सम्परीक्षण** | | | | |
| १३ | २०८०/८१ | ४७ | स्थानीय पाठ्यक्रम छपाई | १,८२,००० |
| १४ | २०८०/८१ | ७५ | सिंचाई संरचना निर्माण | २८,००,३६७ |
| १५ | २०८०/८१ | ६७ | लुम्विनी मा.वि.शिक्षण अनुदान | १६,४५,००० |
| १६ | २०८०/८१ | ३९ | प्रोत्साहन भत्ता | ३०,८५,००० |
| १७ | २०८०/८१ | ६४.६ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ६२,७९२ |
| १८ | २०८०/८१ | ७३.१ | पेश्की फिर्ता | २,१७,५९,३६७ |
| १९ | २०८०/८१ | ६२ | नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयन अनुदान | ४५,००,००० |
| २० | २०८०/८१ | ५६.२ | थप पाठ्यपुस्तक वितरण | ७,५४,३८० |
| २१ | २०८०/८१ | ८४ | खाद्यान्न वालीको (गहुँ) उन्नत विऊ उपयोगमा अनुदान | ८,९१,५९० |
| २२ | २०८०/८१ | ४६.२ | खर्चमा नियमितता | ७१,०१,००० |
| २३ | २०८०/८१ | ५४ | क्याम्पसलाई अनुदान | ३९,४९,४३३ |
| २४ | २०८०/८१ | ४१ | कानूनी सल्लाहकार | १,२०,००० |
| २५ | २०८०/८१ | ८१.२ | औषधी खरिद | १,५८,६०० |
| २६ | २०८०/८१ | ५५ | आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु | २,२८,७१३ |
| २७ | २०८०/८१ | ८७ | .अन्य कार्यालयको खर्च | ८,१४,९४७ |
| २८ | २०७९/८० | ३७ | शिर्षक फरक पारी खर्च | १८,१६,७७६ |
| २९ | २०७९/८० | ७५ | मापदण्ड विपरीत ICT ल्याब | १२,६०,२८९ |

| | | | | |
|---|---|---|---|---|
| ३० | २०७९/८० | ७० | कार्यविधि विपरीत टहरा निर्माण | ४,८०,००० |
| ३१ | २०७९/८० | १७ | कर्मचारी व्यवस्थाः | ५६,९९,५२२ |
| ३२ | २०७८/७९ | २० | मुल्यांकन समितिको बैठक | १,१०,००० |
| ३३ | २०७८/७९ | ३८ | पेश्की फछ्र्यौट | १,२४,००० |
| ३४ | २०७८/७९ | १७ | पेश्की | १२,६१,८६२ |
| ३५ | २०७८/७९ | २४ | अस्थायी दरबन्दी सृजना गरी कर्मचारी भर्ना गरेको | ७,८९,८२० |
| ३६ | २०७७/७८ | १०.२ | कर्मचारी व्यवस्थापन | १,३०,१२,८७० |
| ३७ | २०७७/७८ | २३ | उपभोक्ताको खर्च प्रमाणित गर्ने विल भर्पाई | २९,४२,२४० |
| ३८ | २०७७/७८ | ३२.१ | आन्तरिक आय र आय ठेक्काः | २,६६,८२,२२२ |
| | | | **जम्मा** | **१०,२२,३२,७९०** |
| **कुल** | | | | **१०,५३,८५,४३२** |

# सुनवल नगरपालिका, नवलपरासी

# ( ८०५४७४०३३०० )

# सुनवल नगरपालिका , नवलपरासी बर्दघाट सुस्ता पश्चिम

# परिचय

१ **परिचय खण्ड**

**(क) कार्यालय परिचय:-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै जनसहभागिता, उत्तरदायीत्व र पारदर्शीता सहित स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यो पालिकाको स्थापना भएको हो। सामुन्द्रिक सतहबाट १३८ मिटर देखि १०२३ उचाइमा अवस्थित पालिकाको क्षेत्रफल १३९.१० वर्ग कि.मि., जनसंख्या ५२,०८५ र वडासँख्या १३ रहेको छ। पालिकामा ६८ जना नगरसभा सदस्य र २३ जना कार्यपालिका सदस्य रहेका छन्।

**(ख) लेखापरीक्षणको उद्देश्य:-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि:-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१।८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।१०।१० देखि २०८२।१०।१३ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि:-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ)लेखापरीक्षणको सीमा:-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएकाव्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति:-** पालिकाको आय र व्ययतर्फको रु.२ अर्ब ८ करोड ९४ लाख ५९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्थाको अवलम्बन गरी सोही ऐनको दफा ७६(२) अनुसार महालेखापरीक्षकबाट स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसारको ढाँचामा पालिकाको आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्ने व्यवस्था रहेको छ।

पालिकाको स्थानीय सञ्चित कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन र स्थानीय सञ्चित कोष बाहेकको अख्तियारीको आर्थिक विवरण सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

## २.१ आर्थिक कारोबारको एकीकृत विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान र सहायता तथा स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०८१।८२मा प्राप्ती र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| **विवरण** | **रकम** | **रकम** | **विवरण** | **रकम** | **रकम** |
| **क. सुरु मौज्दात** | | १८५३३०४५९ | **१. पालिकाखर्च** | | |
| ग १.१ आन्तरिक राजस्व खाता | ० | | क. चालु खर्च | ५०१३४१७८८. | ५०१३४१७८८. |
| ग १.२ बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | | ख. पुँजीगत खर्च | २२३४५९१५५. | २२३४५९१५५ |
| ग १.३ आन्तरिक अनुदान खाता | ० | | **२. अन्तर सरकारी अख्तियारी (संघ)** | | २९१७९८७०१ |
| ग ३.१ स्थानीय तह धरौटी खाता | ४१२७५४३१ | | क) सामाजिक सुरक्षा | २७८२०५१०१ | |
| ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | १०४२६३८०१ | | ख) एकिकृत स्वास्थ्य पूर्वाधार | ९५१३६०० | |
| ग ६.१ स्थानीय तह विभाज्य कोष खाता | ३८४९८०२५ | | ग) विद्यालय शिक्षा क्षेत्र योजना | १९४००० | |
| ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता - दैवी प्रकोप उद्दारविशेष कोष | १२९३२०२ | | घ) स्वास्थ्य क्षेत्र सुधार | ३८८६००० | |
| **ख. यस वर्षको आय** | | | **३. अनुदान फिर्ता** | | |
| **१. आन्तरिक आय** | | १३१४४१९०८ | १. संघ तर्फ | | १७३४६०५७ |
| क. स्थानीय तह राजस्व बाँडफाँड घरजग्गारजिष्ट्रेशन | २५९४६९३२ | | क) सशर्त अनुदान | १७३४६०५७ | |
| ख. आन्तरिक राजस्व | १०५४९४९७६ | | ख) विशेष अनुदान | ० | |
| **२. वित्तीय हस्तान्तरण (संघ)** | | ५५०९६९९०३ | ग) समपुरक अनुदान | ० | |
| क) समानीकरण अनुदान | १४९७५२३२० | | २. प्रदेश तर्फ | ० | ५०७०६०१ |
| ख) राजस्व बाँडफाँट | १२२९२१०१३ | | क) सशर्त अनुदान | ४८७४६९८ | |
| ग) सशर्त अनुदान | २७४५४६५७० | | ख) विशेष अनुदान | १९५९०३ | |
| घ) विशेष अनुदान | ३७५०००० | | ग) समपुरक अनुदान | ० | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **३. वित्तीय हस्तान्तरण (प्रदेश)** | | ५२०३८२७६ | **४. धरौटीफिर्ता** | १६४४४६६१ | १६४४४६६१ |
| क) समानीकरण अनुदान | ११५३३००० | | **५. अन्तिम मौज्दात** | | **१६३८६७९९९** |
| ख) राजस्व बाँडफाँट | २५६५०८७९ | | ग१.१ - आन्तरिक राजस्व खाता | ० | |
| ग) सशर्त अनुदान | ५६७५३०० | | ग१.२ - बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | |
| घ) समपुरक अनुदान | ७८७५००० | | ग१.३ - आन्तरिक अनुदान खाता | ० | |
| ङ) विशेष अनुदान | १३०४०९७ | | ग३.१ स्थानीय तह धरौटी खाता | ३२५८०४८५ | |
| **४. अन्तर सरकारी अख्तियारी (संघ)** | | २९१७९८७०१ | ग४.१ स्थानीय तह सञ्चित कोष खाता | १००९३३८५७ | |
| क) सामाजिक सुरक्षा | २७८२०५१०१ | | ग६.१ - स्थानीय तह विभाज्य कोष खाता | २९०६०४५६ | |
| ख) एकिकृत स्वास्थ्य पूर्वाधार | ९५१३६०० | | ग७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता - दैवी प्रकोप उद्दार विशेष कोष | १२९३२०१ | |
| ग विद्यालय शिक्षा क्षेत्र योजना | १९४००० | | | | |
| घ स्वास्थ्य क्षेत्र सुधार | ३८८६००० | | | | |
| **५. धरौटी आय** | ७७४९७१५ | ७७४९७१५ | | | |
| **जम्मा** | | **१२१९३२८९६२** | **जम्मा** | | **१२१९३२८९६२** |

नेपाल सरकार मन्त्रिपरिषद्को २०७६।१।१७ को निर्णयानुसार सबै स्थानीय तहमा स्थानीय तह संचितकोष व्यवस्थापन प्रणाली (Sub-National Treasury Regulatory Application- SuTRA) लागु गर्ने निर्णय भई कार्यान्वयनमा रहेको छ। स्थानीय तह संचितकोष व्यवस्थापन प्रणाली (SuTRA) अनुसार पालिकाले तयार गरेको एकीकृत वित्तीय विवरण (म.ले.प.फाराम नं. २७०) मा पालिकाले संघीय सरकारवाट अनुदान प्राप्त गरी कार्यान्वयन गरेको निम्नानुसार बजेट शीर्षकको रु.२९,१७,९८,७०१.०० समावेश भै प्रतिवेदन नभएको र राजस्व मोडेलमा सम्पत्ति तथा राजस्वको बक्यौता अवस्था र राजस्वसँग सम्बन्धित टिप्पणीहरु अद्यावधिक रुपमा समावेश गरेको देखिँदैन। पालिकामा भएको सबै आर्थिक कारोबार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA)मा लेखाङ्कन भई प्रतिवेदन हुने व्यवस्था हुनु पर्दछ।

| क्र.सं. | बजेट शीर्षक | खर्च |
|---|---|---|
| १ | सामाजिक सुरक्षा | २७८२०५१०१ |
| २ | एकिकृत स्वास्थ्य पूर्वाधार | ९५१३६०० |
| ३ | विद्यालय शिक्षा क्षेत्र योजना | १९४००० |
| ४ | स्वास्थ्य क्षेत्र सुधार | ३८८६००० |
| | **जम्मा** | २९१७९८७०१ |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **बैक हिसाव मिलान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। पालिकाले स्रेस्ता र बैंक अनुसारको निम्नानुसार मौज्दात फरक रु. ३,७३,८७,९६२.०० बैंक बढी सम्वन्धमा बैंक हिसाब मिलान विवरण तयार गरेको देखिएन। पालिकाले स्रेस्ता र बैंक अनुसारको मौज्दात फरक सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गर्नु पर्दछ।

| क्र.सं. | खाताकोप्रकार | श्रेस्ता अनुसारबाकी रु | बैंक अनुसार बाकीरु | फरकरु. |
|---|---|---|---|---|
| १ | ग १.१ आन्तरिक राजस्व खाता | ० | ० | ० |
| २ | ग १.२ बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| ३ | ग १.३ आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ४ | ग २.२ चालू खर्च खाता- जोर वर्ष | ० | ० | ० |
| ५ | ग २.४ पुँजीगत खर्च खाता- जोर वर्ष | ० | ० | ० |
| ६ | ग ३.१ स्धानीय तह धरौटी खाता | ३२५८०४८५ | ३२५८०४८५ | ० |
| ७ | ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | १००९३३८५७ | ११९३११९२८ | १८३७८०७१ |
| ८ | ग ६.१ स्थानीय तह विभाज्य कोष खाता | २९०६०४५६ | ४८३४६९०३ | १९२८६४४७ |
| ९ | ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १२९३२०१ | १०१६६४५ | -२७६५५६ |
| | **जम्मा** | **१६३८६७९९९** | **२०१२५५९६१** | **३७३८७९६२** |

३ **दीर्घकालीन योजना, नीति तथा कार्यक्रम**

पालिकाको दिर्घकालीन योजना, नीति तथा कार्यक्रम, मध्यमकालीनखर्च संरचना र वार्षिक बजेट तथा योजना कार्यान्वयन अवस्था निम्नानुसार रहेको छः

३.१ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) अनुसार नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिई सोही ऐनको दफा २४(१) अनुसार स्थानीय तहले आफ्नो अधिकार

क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी लागू गर्नु पर्ने व्यवस्था छ। पालिकाले दीर्घकालीन सोच "कृषि, पर्यटन, प्राकृतिक स्रोत, उद्योग र व्यापार समृद्ध सुनवलको बलियो आधार" सहित पहिलो आवधिक योजना आर्थिक वर्ष २०७९।८० देखि २०८३।८४ सम्म कार्यान्वयनमा रहेको देखियो। पालिकाले आवधिक योजना तयार गर्दा आर्थिक वर्ष २०८३।८४ को अन्त्यमा प्राप्त हुने अपेक्षित उपलब्धी निर्धारण गरेको तर सो उपलब्धी हासिल गर्न वार्षिक रुपमा प्राप्त गर्ने गरी लक्ष्य निर्धारण नगरेको, आवधिक योजना अनुसार उपलब्धि हासिल गर्न आवश्यक पर्ने वार्षिक योजना निर्धारण गरी बजेटमा समावेश नभएको र सोको प्राप्ति र प्रगति अवस्था समिक्षा तथा मुल्याङ्कन समेत नगरेको अवस्था रहेको छ। आवधिक योजनाको अन्त्यसम्म प्राप्त हुने अपेक्षित उपलब्धि हासिल गर्न आवश्यक योजना वार्षिक नीति तथा कार्यक्रममा समावेश भई वार्षिक रुपमा प्राप्त हुने अपेक्षित उपलब्धि समेत निर्धारण गरी योजना कार्यान्वयन सुनिश्चितता हुनु पर्दछ।

### ३.२ मध्यमकालीन खर्च संरचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषयक्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको र दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले उल्लिखित अनुसार मध्यमकालीनखर्च संरचना तयार गरेको देखिँदैन। सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउन, विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन समग्र पालिकाको अपेक्षिक उपलव्धी हासिल हुने गरी मध्यमकालीन खर्च संरचना तयार हुनु पर्दछ।

### ३.३ वार्षिक नीति तथा कार्यक्रम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(२) अनुसार स्थानीय तहले राजस्व र व्ययमा गत आर्थिक वर्षको राजस्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाई सोही ऐनको दफा ७१(१) अनुसार कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश भएको बजेट छलफल गरी सोही ऐनको दफा ७१(५) अनुसार असार मसान्त भित्र पारित गरिसक्नु पर्ने उल्लेख छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(१) अनुसार सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीय तहका प्रमुख वा प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले राजस्व र व्ययमा गत आर्थिक वर्षको राजस्व र व्ययको यथार्थ विवरण तथा चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान सहित आर्थिक वर्ष २०८१।८२ मा रु. १,०१,६३,८७,७४६.०० को बजेट तथा कार्यक्रम तयार गरी २०८१।३।१० मा सभाबाट स्वीकृत गरी पालिका अध्यक्षले प्रशासकीय अधिकृतलाई २०८१।४।७ मा खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। समयमा अख्तियारी प्रदान गरेकोमा समेत आर्थिक वर्षको अन्तिम त्रैमासिक तथा असार महिनामा खर्चको चाप वढेको र निम्नानुसार योजना समेत कार्यान्वयन नभएको अवस्था रहेको छ। पालिकाको बजेट तथा कार्यक्रमको अपेक्षित लक्ष्य हासिल हुने गरी आर्थिक वर्षको अन्तिम महिनामा चाप कम हुने र त्रैमासिक रुपमा सन्तुलित हुनेगरी बजेट कार्यक्रम कार्यान्वयन हुनु पर्दछ।

| क्र.सं. | कार्यान्वयन नभएका योजनाको नाम | स्रोत | विनियोजन |
|---|---|---|---|
| १. | लागत साझेदारी कार्यक्रम (७०/ ३०) | राजस्वबाँडफाँड — स्थानीय | १५००००० |
| २. | महिलामैत्रि शहर परीयोजना | आन्तरिकश्रोत | ९९८९४०० |
| ३. | संघ प्रदेश र अन्य समपुरक अनुदान | राजस्वबाँडफाँड — स्थानीय | ८०००८३२ |
| ४. | भुमहि हाट बजार निर्माण क्रमागत | नेपालसरकार - समानिकरण अनुदान | ७०९८३२७ |
| ५. | भुमहि हाट बजार निर्माण क्रमागत | राजस्वबाँडफाँड - संघीय सरकार | ५०००००० |
| ६. | भगवती मा. वि. भवन निर्माण क्रमागत | आन्तरिकश्रोत | ४८५८६४१ |
| ७. | सुनवल कभर्ड हल निर्माण | राजस्वबाँडफाँड — स्थानीय | ३०००००० |
| ८. | सुनपा १२ स्थित कवर्डहल निर्माण नवलपरासी | लुम्बिनीप्रदेश - शसर्त अनुदान पुँजीगत | ३०००००० |
| ९. | सुनवल कभर्ड हल निर्माण क्रमागत | आन्तरिकश्रोत | २५००००० |
| १०. | हर्नैया जग्गा संरक्षण तथा पार्क निर्माण | राजस्वबाँडफाँड — स्थानीय | २०००००० |
| ११. | भुमही दुधडेरीमा फ्रिज हाउस ( नगर स्तरिय) | राजस्वबाँडफाँड — स्थानीय | २०००००० |
| १२. | महलपोखरी मन्दिर निर्माण | राजस्वबाँडफाँड — स्थानीय | २०००००० |
| १३. | सार्वजनिक शौचालय व्यवस्थापन सुनवल | राजस्वबाँडफाँड — स्थानीय | २०००००० |
| १४. | सुनवल ९ र रामग्रम ६ जोड्ने पक्की पुल क्रमागत | नेपालसरकार - समानिकरण अनुदान | २०००००० |
| १५. | भोला पराजुलीको घरदेखी भुमहि खोला सडक कालोपत्रे | राजस्वबाँडफाँड — स्थानीय | १८००००० |
| १६. | मुल सडकवाट बेलारी पूर्व सडक निर्माण | राजस्वबाँडफाँड — स्थानीय | १५००००० |
| १७. | पशुपतिनाथ मन्दिर | राजस्वबाँडफाँड — स्थानीय | १५००००० |
| १८. | विद्यालय डेक्स वेन्च खरीद १५० थान | राजस्वबाँडफाँड — स्थानीय | १३००००० |
| १९. | शहकारी शीत भण्डार निर्माण | राजस्वबाँडफाँड — स्थानीय | १०००००० |
| २०. | आवधिक विकास योजना माध्यकलिन खर्च संरचना निर्माण | आन्तरिकश्रोत | १०००००० |
| २१. | काशिपुर अधुरो सडक कालोपत्रे | राजस्वबाँडफाँड — स्थानीय | १०००००० |
| २२. | विद्युतीकरण | राजस्वबाँडफाँड — स्थानीय | १०००००० |
| २३. | नदी नियन्त्रण तारजाली | आन्तरिकश्रोत | १०००००० |
| २४. | मामि सतिसवरिया मन्दिर | राजस्वबाँडफाँड — स्थानीय | १०००००० |
| २५. | डायलासिस केन्द्र पट्टेवाधार निर्माण | राजस्वबाँडफाँड — स्थानीय | १०००००० |
| २६. | हिलपार्क पूर्वधार निर्माण | राजस्वबाँडफाँड — स्थानीय | १०००००० |
| २७. | विपन्न नागरीक धारा जडान | राजस्वबाँडफाँड - प्रदेश सरकार | १०००००० |

| | | | |
|---|---|---|---|
| २८. | नगर पार्श्वचित्र अद्यावधिक | आन्तरिकश्रोत | १०००००० |
| २९. | सुनगाधाटोल सडक कालोपत्रे | राजस्वबाँडफाँड — स्थानीय | १०००००० |
| ३०. | सुनगाभाटोल सडक कालोपत्रेनिर्माण | राजस्वबाँडफाँड — स्थानीय | १०००००० |
| ३१. | मिलनटोल अधुरो नाली निर्माण | राजस्वबाँडफाँड - संघीय सरकार | १०००००० |
| ३२. | निकाशीबाटोसंग जोडिएको शाखाबाटो ह्युमपाइप समेत | राजस्वबाँडफाँड — स्थानीय | १०००००० |
| ३३. | हिरागंज देखि सुन्दरबस्ती सडक | राजस्वबाँडफाँड — स्थानीय | १०००००० |
| ३४. | भुमहि हाट बजार निर्माण क्रमागत | राजस्वबाँडफाँड — स्थानीय | ९७३५७८ |
| ३५. | भुमहिखोला पुलदेखी दक्षिण तटवन्ध क्रमागत | आन्तरिकश्रोत | ८६४६६१ |
| ३६. | भिमा क्षेत्री टोल बाटो मर्मत | राजस्वबाँडफाँड — स्थानीय | ८००००० |
| ३७. | मिश्रौली कान्छीटोल अधुरो नाला निर्माण | राजस्वबाँडफाँड — स्थानीय | ८००००० |
| ३८. | सुनवल जेशिस भवन निर्माण | राजस्वबाँडफाँड — स्थानीय | ८००००० |
| ३९. | महेन्द्र चौधरीको घरदेखी उत्तरतर्फ जाने पोखरीसम्मको सडकस्तरउन्नती | राजस्वबाँडफाँड — स्थानीय | ७००००० |
| ४०. | सुनगाभाटोल नाला सडक पूर्वाधार | राजस्वबाँडफाँड — स्थानीय | ६००००० |
| ४१. | मदनमोहन टोल मार्ग निर्माण | राजस्वबाँडफाँड — स्थानीय | ६००००० |
| ४२. | ब्रहामण समाज नेपाल जग्गा संरक्षण | राजस्वबाँडफाँड — स्थानीय | ५००००० |
| ४३. | विभिन्न खोलाहरुको वातावरणीय परिक्षण | आन्तरिकश्रोत | ५००००० |
| ४४. | रामनगर महिला कल्याणकेन्द्र भवन तथा तालिम | राजस्वबाँडफाँड — स्थानीय | ५००००० |
| ४५. | मनमोहन स्मृती भवन निर्माण | राजस्वबाँडफाँड — स्थानीय | ५००००० |
| ४६. | साहित्य कला प्रतिस्ठान | आन्तरिकश्रोत | ५००००० |
| ४७. | घ्युडल्ला खानेपानी टंकीपूर्व वाटो | राजस्वबाँडफाँड — स्थानीय | ५००००० |
| ४८. | मुनालपथ हडाहा सडक स्तरोन्नती | राजस्वबाँडफाँड - संघीय सरकार | ५००००० |
| ४९. | अतिथिचोक पश्चिम सडक ईन्टरलक | राजस्वबाँडफाँड — स्थानीय | ५००००० |
| ५०. | आछामि टोल नाला निर्माण | राजस्वबाँडफाँड — स्थानीय | ५००००० |
| ५१. | थिरलालको घरदेखि पुर्वको सडक | राजस्वबाँडफाँड — स्थानीय | ५००००० |
| ५२. | गौरीगाँउ अधुरो बाटो तथा वाल निर्माण | राजस्वबाँडफाँड — स्थानीय | ५००००० |
| ५३. | चिन्तामणीको पसल देखि उत्तर बाटो स्तरोन्नती | राजस्वबाँडफाँड — स्थानीय | ५००००० |
| ५४. | क्रिकेट मैदान स्तरोन्नती | राजस्वबाँडफाँड — स्थानीय | ५००००० |
| ५५. | तिलकाना नमुना वस्ती डि पि आर निर्माण | राजस्वबाँडफाँड — स्थानीय | ४००००० |

| | | | |
|---|---|---|---|
| ५६. | प्रगतिटोल मनिकलाको घरतर्फ जाने सडक | राजस्वबाँडफाँड — स्थानीय | ४००००० |
| ५७. | भुमहि हाट बजार निर्माण क्रमागत | राजस्वबाँडफाँड - प्रदेश सरकार | ३२३००० |
| ५८. | वाल आर्ट तथा कला वर्कसप | आन्तरिकश्रोत | ३००००० |
| ५९. | प्रतापपुर भडरी कल्भर्ट | राजस्वबाँडफाँड — स्थानीय | ३००००० |
| ६०. | भौर्लावास खोला तटवन्धन ६ (मुक्तिराम रामचन्द्र) | राजस्वबाँडफाँड — स्थानीय | ३००००० |
| ६१. | हिरागंजदेखी सुन्दरवस्ती सडक | राजस्वबाँडफाँड - संघीय सरकार | ३००००० |
| ६२. | बैंकटेश्वर मन्दिर निर्माण | राजस्वबाँडफाँड — स्थानीय | ३००००० |
| ६३. | वडा न ३ को पार्क निर्माण | नेपालसरकार - समानिकरण अनुदान | ३००००० |
| ६४. | तुरिया पुल उत्तर नालामा ढक्कन निर्माण (मनशोभाको घर तर्फ) | राजस्वबाँडफाँड — स्थानीय | ३००००० |
| ६५. | खखरीवारी नाला | राजस्वबाँडफाँड — स्थानीय | ३००००० |
| ६६. | क्युटल्याण्ड पछाडि बाटो स्तरोन्नती | नेपालसरकार - समानिकरण अनुदान | २६०००० |
| ६७. | जगन्नाथ पूर्व कल्भर्ट | राजस्वबाँडफाँड - संघीय सरकार | २५०००० |
| ६८. | हर्दिया २ न कृषि बाटो | नेपालसरकार - समानिकरण अनुदान | २५०००० |
| ६९. | महिला प्रेस क्लब तथा सुनवल प्रेस क्लब | आन्तरिकश्रोत | २००००० |
| ७०. | भालु भैरव पावर लिफ्टिङ्ग | राजस्वबाँडफाँड - संघीय सरकार | २००००० |
| ७१. | शान्तीमार्ग हुँदै रिजालडाँडा सडक स्तरउन्ती | राजस्वबाँडफाँड - संघीय सरकार | २००००० |
| ७२. | गुल्मेलीटोल कृषि सडक ग्राभेल | राजस्वबाँडफाँड — स्थानीय | २००००० |
| ७३. | देवकोटा मा. वि. गार्डेन निर्माण | राजस्वबाँडफाँड — स्थानीय | २००००० |
| ७४. | महलपोखरी अधुरो मन्दिर निर्माण क्रमागत | आन्तरिकश्रोत | १६३६६० |
| ७५. | खोप संचालन हुने स्वास्थ्य संस्थामा डि फ्रिज खरीद | राजस्वबाँडफाँड — स्थानीय | १५०००० |
| ७६. | शान्तीटोल भित्री सडक ग्राभेल | राजस्वबाँडफाँड - संघीय सरकार | १५०००० |
| ७७. | सेवा केन्द्र सञ्चालनकोलागि माइक्रोस्कोप खरिद | राजस्वबाँडफाँड - संघीय सरकार | १३०००० |
| ७८. | विचैयापुर महिला भवन | राजस्वबाँडफाँड — स्थानीय | १००००० |
| ७९. | मालपोत कार्यालय कम्प्यूटर खरिद | आन्तरिकश्रोत | १००००० |

| | | | |
|---|---|---|---|
| ८०. | ज्यामिरे अधुरु मन्दिर | राजस्वबाँडफाँड - संघीय सरकार | १००००० |
| ८१. | विश्वकर्मा मन्दिर मर्मत | राजस्वबाँडफाँड — स्थानीय | १००००० |
| ८२. | महिला उद्यम केन्द्र | राजस्वबाँडफाँड — स्थानीय | १००००० |
| ८३. | नन्देश्वर गौशाला मर्मत | राजस्वबाँडफाँड — स्थानीय | १००००० |
| ८४. | गैडाखाल आधारभुत विद्यालय भवन निर्माण तथा चमेना गृह निर्माण | राजस्वबाँडफाँड — स्थानीय | १००००० |
| ८५. | फरौली कोटही मन्दिर ट्रष्ट निर्माण | राजस्वबाँडफाँड - संघीय सरकार | १००००० |
| ८६. | खखरीबारी कब्रस्तान | राजस्वबाँडफाँड — स्थानीय | ५०००० |
| ८७. | आधारभुत स्वास्थ्य सेवा केन्द्रमा फ्रिज खरिद | नेपालसरकार - समानिकरण अनुदान | ५०००० |
| ८८. | आधारभुत स्वास्थ्य सेवा केन्द्र व्यवस्थापन | नेपालसरकार - समानिकरण अनुदान | ३०००० |
| | जम्मा | | १०८९९२०९९ |

## ४ **वार्षिक योजना तथा बजेट प्राथमिकता**

आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्दन गर्न सघाउ पुर्याउने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने लगायतका स्थानीय तहका आवश्यकताका आधारमा स्थानीय तहले बार्षिक योजना तथा बजेट तर्जुमा गर्नु पर्दछ। पालिकाले रु.१ अर्ब १ करोड ६३ लाख ८७ हजार बजेट मध्ये आर्थिक विकासमा ४ प्रतिशत, सामाजिक विकासमा ४१ प्रतिशत, पूर्वाधार विकासमा २७ प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ३ प्रतिशत र बाँकी २४ प्रतिशत कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा विनियोजन गरी औसत ७२ प्रतिशत खर्च भएको देखियो। पालिकाले सन्तुलित बजेट तथा कार्यक्रम निर्धारण गरी सोको कार्यान्वियन गर्नु पर्दछ।

| **क.सं.** | **क्षेत्र/ उपक्षेत्र** | **विनियोजन** | **विनियोजन प्रतिशत** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४४२४९४३० | ४ | १६८८६९११ | ३८ |
| २ | सामाजिक विकास | ४२०७३५३४४ | ४१ | ३५६०३०७८५ | ८५ |
| ३ | पूर्वाधार विकास | २७६६८९७५३ | २७ | १६६८४४३५२ | ६० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २९८५०००० | ३ | १३५२८८८९ | ४५ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २४४८६३२१९ | २४ | १७९५१०००६ | ७३ |
| | **कुल जम्मा** | **१०१६३८७७४६** | **१००** | **७३२८००९४३** | **७२** |

## ५ **बजेट तथा कार्यक्रम**

आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्दन गर्न सघाउ पुर्याउने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने लगायतका स्थानीय तहका आवश्यकताका आधारमा स्थानीय तहले बार्षिक योजना तथा बजेट तर्जुमा गर्नु पर्दछ। पालिकाले रु.१ अर्ब १ करोड ६३ लाख ८७ हजार बजेट मध्ये आर्थिक विकासमा ४ प्रतिशत, सामाजिक विकासमा ४१ प्रतिशत, पूर्वाधार विकासमा २७ प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ३ प्रतिशत र बाँकी २४ प्रतिशत कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा विनियोजन गरी औसत ७२ प्रतिशत खर्च भएको देखियो। पालिकाले सन्तुलित बजेट तथा कार्यक्रम निर्धारण गरी सोको कार्यान्वियन गर्नु पर्दछ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | विनियोजन प्रतिशत | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४४२४९४३० | ४ | १६८८६९११ | ३८ |
| २ | सामाजिक विकास | ४२०७३५३४४ | ४१ | ३५६०३०७८५ | ८५ |
| ३ | पूर्वाधार विकास | २७६६८९७५३ | २७ | १६६८४४३५२ | ६० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २९८५०००० | ३ | १३५२८८८९ | ४५ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २४४८६३२१९ | २४ | १७९५१०००६ | ७३ |
| | कुल जम्मा | १०१६३८७७४६ | १०० | ७३२८००९४३ | ७२ |

### ६ त्रैमासिक खर्च व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| | | | | | | | रु. हजारमा |
|---|---|---|---|---|---|---|---|
| **क्र.स** | **बजेट** | **कुल खर्च रु.** | **त्रैमासिक खर्च रु.** | | | | **आषाढ महिना रु.** |
| | | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| १ | कुल खर्च रकम | ७३२७९९ | ८७९२९ | १०९६०४ | १७७२११ | ३५८०५५ | १६२३१९ |
| २ | पूँजिगत खर्चतर्फ | २२९४५९ | १६७८ | १३४६६ | ५७३५० | १५६९६५ | ७३४५४ |
| ३ | त्रैमासिक पूँजिगत खर्च प्रतिशत | १०० | १ | ६ | २५ | ६८ | ३२ |
| ४ | कुल खर्चको तुलनामा प्रतिशत | ३१ | २ | १२ | ३२ | ४४ | ४५ |

पालिकाले पालिकाले कुल खर्चको ३१ प्रतिशत रु.२२ करोड ९४ लाख ५९ हजार पुँजीगत खर्च गरेकोमा प्रथम त्रैमासिकमा रु.१६ लाख ७८ हजार (१ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १ करोड ३४ लाख ६६ हजार (६ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.५ करोड ७३ लाख ५० हजार (२५ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१५ करोड ६९ लाख ६५ हजार (६८ प्रतिशत) खर्च गरेको देखिएको छ। आर्थिक वर्षको अन्तिम महिना आषाढमा मात्र रु.७ करोड ३४ लाख ५४ हजार (३२ प्रतिशत) खर्च देखिनुले अन्तिम त्रैमासिक तथा आषाढमा खर्चको चाप वृद्धि भई खर्च व्यवस्थापन सन्तुलित भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्च सन्तुलित हुने गरी कार्यक्रम निर्धारण र कार्यान्वयन गरिनुपर्दछ।

### ७ बजेट रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ को हिउँदे

अधिवेशनवाट देहायअनुसार रकमान्तर स्वीकृत भएको अवस्था छ। चालु तर्फ १२ र पुँजीगत तर्फ ३६ समेत ४८ वटा कार्यक्रमबाट रु. १,४९,५१,४६७.०० बजेट रकमान्तरबाट थप/घट गरी निम्नानुसार ५८ वटा कार्यक्रममा रु.२,८५,२४,६१९.०० बजेट कायम गरेको देखिन्छ।

| क्र.सं. | शिर्षक | रकमान्तर गरेको कार्यक्रम | | रकमान्तरवाट थप भएको कार्यक्रम र कायम बजेट | |
|---|---|---|---|---|---|
| | | सँख्या | रकम | सँख्या | रकम |
| १ | चालु | १२ | ५५००००० | ११ | ५५००००० |
| २ | पूँजीगत | ३६ | ९४५१४६७ | ४७ | २३०२४६१३ |
| | **जम्मा** | **४८** | **१४९५१४६७** | **५८** | **२८५२४६१३** |

८ **योजना कार्यान्वियन अवस्था**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। त्यस्तै स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार रु. २० लाख भन्दा माथी २२, रु. ५ लाख देखि रु. २० लाख सम्म १३० र रु. ५ लाख भन्दा कम बजेट भएका ४४७ समेत ५९४ योजना मध्ये ५४९ कार्यान्वियन भएको देखियो। पालिकावाट प्राप्त विवरणअनुसार छनौट भएका योजनाहरु साना स्तरमा रहेको देखिन्छ। योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त गर्न योजनाको वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी रुपमा कार्यान्वियन गर्नुपर्दछ।

| **क्र.सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाख माथिका योजनासङ्ख्या** | **रु.५ लाख देखि २० लाखसम्मका योजना सङ्ख्या** | **रु.५लाख भन्दा कमकायोजना सङ्ख्या** | **कार्यान्वियन भएका योजनासंख्या** | **कार्यान्वियन नभएका योजनासंख्या** |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| १ | पालिकास्तरीय | २५५ | १५ | ५५ | १७५ | २४५ | ३० |
| २ | वडास्तरीय | ३३९ | ७ | ७५ | २७२ | ३०४ | १५ |
| **जम्मा** | | **५९४** | **२२** | **१३०** | **४४७** | **५४९** | **४५** |

९ **सेवा प्रवाह**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय सरकारको काम कर्तव्य र अधिकारको सम्बन्धमा उल्लिखित छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ। पालिकाबाट वार्षिक रुपमा उपलव्ध गराएको विवरण निम्नानुसार पेश भएको छ। पालिकाबाट बार्षिक तथा बहुबर्षिय रुपमा प्रयोग हुने गरी उपलब्ध गराएका अनुदान तथा सेवा प्रवाहको अभिलेख लाभग्राहीगत रुपमा व्यवस्थित गर्नु पर्दछ।

| क्र.सं. | विवरण | सिफारिस भएको संख्या |
|---|---|---|
| १ | जन्म दर्ता | ९९४ |
| २ | मृत्यु दर्ता | ४२९ |
| ३ | बसाईसराई दर्ता | ४२० |
| ४ | बिबाह दर्ता | ५५० |
| ५ | सम्बन्ध विच्छेद दर्ता | ११३ |

१० **खर्च बिश्लेषण**

पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रु. १०,५४,९४,९७६.००, राजस्व बाँडफाँटबाट (घरजग्गा रजिष्ट्रेशन) रु.२,५९,४६,९३२.००, गत वर्षको संचित कोष तर्फको मौज्दात रु.१८,५३,३०,४५९.०० र समानीकरण, सशर्त, अन्तर सरकारी अख्तियारी (संघ) लगायत अनुदानबाट रु.९२,०७,५३,८१२.०० समेत रु.१,२१,९३,२८,९६२.०० प्राप्ती भएकोमा समाजिक सुरक्षा समेत चालु तर्फ ६४ प्रतिशत रु.७८,३६,२६,८८९.०० र पूँजिगत तर्फ १९ प्रतिशत रु.२३,२९,७२,७५५.०० खर्च भएको छ। प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्दै पालिकाले प्राप्त गरेको अनुदान, आन्तरिक आम्दानी तथा राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन हुने गरी बजेट तथा खर्च व्यवस्थापन गर्नुपर्दछ।

| **प्राप्ति** | **रु.** | **स्रोत प्रतिशत** | **भुक्तानी** | **रु.** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|---|
| क. सुरु मौज्दात | १८५३३०४५९ | १५ | क. चालु खर्च | ७८३६२६८८९ | ६४ |
| ख. आन्तरिक राजस्व | १०५४९४९७६ | ९ | ख. पुँजीगत खर्च | २३२९७२७५५ | १९ |
| ग. अनुदान प्राप्त | ९२०७५३८१२ | ७५ | ग. अनुदान फिर्ता र विभाज्य कोष खर्च | २२४१६६५८ | २ |
| घ. ऋण/ वित्तीय व्यवस्था | ० | ० | घ. धरौटी फिर्ता तथा सदर स्याहा | १६४४४६६१ | १ |
| ङ. धरौटी आय | ७७४९७१५ | १ | ङ. कार्यसञ्चालन कोष खर्च | ० | १ |
| च. कार्यसञ्चालन कोष आय | ० | ० | च. अन्तिम मौज्दात | १६३८६७९९९ | १३ |
| **जम्मा** | **१२१९३२८९६२** | १०० | **जम्मा** | **१२१९३२८९६२** | १०० |

११ **आन्तरिक नियन्त्रण प्रणाली**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३१ मा सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन:-

बजेट व्यवस्थापन तर्फ

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको वार्षिक प्रतिवेदन तयार गरेको देखिएन,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

• योजना छनौट, बजेट व्यवस्थापन र कार्यान्वियनसम्म सबैको पहुँच, समान सहभागिता, खर्चमा मितव्ययीता र पारदर्शिता कायम भएको देखिएन,

• दीगो विकासका लक्ष्य पुरा गर्न लक्ष्यलाई आन्तरिकीकरण गरी एकीकृत दीर्घकालिन योजना तयार गरेको देखिएन।

खरिद व्यवस्थापन तर्फ

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) तथा सार्वजनिक खरिद ऐन, २०६३ को ७४(३) अनुसार स्थानीय तहले खरिद कारवाही गर्दा लागत अनुमान स्वीकृत गर्ने, बोलपत्र मूल्याङ्कन तथा स्वीकृत गर्ने, सोझै खरिद गर्ने, दफा ४१(२) बमोजिम रहने समिति तथा भेरियशन आदेश जारी गर्ने अधिकारी तोक्ने समेतका विषयमा सार्वजनिक खरिद ऐन, २०६३ को अधीनमा रही स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गर्न सक्ने व्यवस्था रहेकोमा पालिकाले नियमावली तर्जुमा गरी राजपत्रमा प्रकाशन गरेको देखिएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिटी, माटो लगायत र वन जन्य- विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,

• पालिकाले पुँजीगत खर्चको कार्यान्वयन गर्दा नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, ग्राबेल तथा वालुवा प्रयोग हुने वडा कार्यालय भवन, विद्यालय भवन तथा सडक निर्माण गरेकोमा पालिकाको क्षेत्रमा भएका नदी तथा खोलामा उपलब्ध हुने निर्माण सामाग्री प्रयोग भए वा नभएको सम्वन्धमा नियन्त्रण गर्ने व्यवस्था तय गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने उल्लेख रहेकोमा कार्यपालिकावाट सडक, भवन लगायत भौतिक निर्माण कार्यको लागि एकरुपता र मितव्ययी हुने नर्म्स स्वीकृति गरी प्रयोग गरेको देखिएन,

• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन,

• उपभोक्ता समिति मार्फत सम्पादन भएको कार्यको परिमाण तथा लागतसँग उपभोक्ताले खरिद गरेको सामानको बिल भरपाई भिडान हुने गरी अभिलेखाङ्कन गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नु पर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लिखित अनुसार खर्च भएको पुष्ट्याई हुने देखिएन।

शिक्षातर्फ

• कार्यक्रम कार्यान्वयन पुस्तिकामा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको देखिएन,

• स्थानीय तहले मातहतमा रहेका विद्यालय अनुगमन गरेकोमा शैक्षिक गुणस्तर सुधार हुने गरी अनुगमन गर्ने मापदण्ड तयार गरी अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने गरेको देखिएन,

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निःशुल्क छात्रवृत्ति र अभिलेख व्यवस्थित गरेको देखिएन।

विविध तर्फ

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसारका अधिकारको कार्यान्वयन गर्न आफ्नो क्षेत्राधिकार भित्रको (स्थानीय, ग्रामीण, कृषि सडक र सिँचाई, खानेपानी, साना जलविद्युत, वैकल्पिक उर्जा, जलाधार, भूमि वर्गिकरण लगायत) आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गरेको देखिएन,

• कार्यपालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेको भए तापनी सवारी साधन अनुरुप प्रयोग खुल्ने गरी अद्यावधिक नभएको,

• जिन्सी निरीक्षण गरी सोको कार्यान्वयन गरेको नदेखिएको,

• पालिकाको क्षेत्राधिकारमा रहेको दानव नदि रहेकोमा बातावरणिय प्रभाव मुल्याङ्कन गरी आय ठेक्का गरेको छैन,

• जिन्सी मालसामान, मेशिनरी वा सवारी साधन मर्मत गर्नुपर्ने भएमा म. ले. प. फाराम ९१४ बमोजिम मर्मत आदेश स्वीकृत गराएकोमा म. ले. प. फाराम ९१५ बमोजिम मर्मत अभिलेख नराखेको।

पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई नियमित, मितव्ययी र प्रभावकारी बनाउन उल्लिखित व्यहोरा सुधार हुने गरी ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नु पर्दछ।

१२ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखा परीक्षण गराउनुपर्ने, दफा ७७ (२) आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ। साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ। पालिकाको आर्थिक वर्ष २०८१।८२ को खर्च तथा आम्दानीको कारोबारको आन्तरिक लेखापरीक्षणभई २०८२ मंसिरमा प्रतिवेदन प्राप्त भएको देखिएको छ। उक्त प्रतिवेदनमा भएका सुझाव तथा कैफियतहरु (वीमा पोलिसी संलग्न नभएको, भुक्तानी वाँकीको विवरण प्रमाणित नभएको, बढी भुक्तानी असुल नगरेको, निजी क्षेत्रसँग सम्बन्धित उद्योग बाणिज्य संघको भवन निर्माणमा भुक्तानी गरेको, कार्यक्रममा सहभागी भत्ता, बैठक सञ्चालन तथा भत्ता भुक्तानी मितव्ययी नभएको, सञ्चालन खर्चको विस्तृत विवरण सहित वजेट तयार नगरेको, युवा तथा खेलकुद कार्यक्रम मितव्ययी नभएको, विभिन्न तालिम संचालन गरेकोमा प्रमाण पत्र संलग्न नभएको लगायत) सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन नगरेको र अन्तिम लेखापरीक्षण पुर्व नै सो सम्बन्धमा सुधार हुनुपर्नेमा सोको कार्यान्वयन भएको देखिएन। आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत ऐन अनुसार लेखापरीक्षण समिति गठन गरी सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराई फर्स्यौट गर्नुपर्दछ।

### १३ लेखा समितिको गठन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली वनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति, सुशासन समिति लगायत आवश्यकता अनुसार अन्य समिति र विशेष समिति गठन गर्ने सक्ने उल्लेख छ। त्यस्तै लुम्बिनी प्रदेशबाट जारी भएको गाउँसभा/नगरसभाको (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा ६७ अनुसार स्थानीय सरकारलाई सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, स्थानीय सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी स्थानीय तहको सार्वजनिक लेखा, वित्त र तत्सम्बन्धी निर्देशन वा राय सल्लाह समेत दिनका लागि लेखा समिति रहने उल्लेख छ। स्थानीय सरकारको कार्यकारी संरचना कार्यपालिकाको सदस्यको संयोजकत्वमा निम्नानुसार लेखा समितिको गठन भएको अवस्थाले स्थानीय सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी पारदर्शी र निश्पक्ष रुपमा सार्वजनिक लेखा, वित्त र तत्सम्बन्धी निर्देशन वा राय सल्लाह उपलव्ध नहुन सक्ने देखिन्छ। ऐनमा व्यवस्था भए अनुसार सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, स्थानीय सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी पारदर्शी र निश्पक्ष रुपमा सार्वजनिक लेखा, वित्त र तत्सम्बन्धी निर्देशन वा राय सल्लाह उपलव्ध हुने सुनिश्चितता हुने गरी समितिको गठन हुनु पर्दछ।

| क्र.सं. | सदस्यको नाम | सभा वा कार्यपालिका सदस्य |
|---|---|---|
| १ | श्री देउ बहादुर गुरुङ्ग | कार्यपालिका सदस्य |
| २ | श्री वीर वहादुर खवास | वडा सदस्य |
| ३ | श्री विनोद धोवी | वडा सदस्य |

### १४ कानून निर्माण तथा न्याय सम्पादन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ। पालिकाले २०८१।८२ को अन्त्य सम्म निम्नानुसार ८८ वटा स्थानीय तह सम्बन्धी कानुन तर्जुमा गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको विवरण पेश गरेको छ।

| क्र. सं. | २०८०।८१ सम्म निर्माण भएका | | २०८१।८२ मा नयाँ निर्माण भएका कानुन | | २०८१।८२ को अन्त्यसम्म | |
|---|---|---|---|---|---|---|
| १ | कानुन | ३२ | कानुन | २ | कानुन | ३४ |
| २ | नियमावली | ५ | नियमावली | ३ | नियमावली | ८ |
| ३ | कार्यविधी | ३४ | कार्यविधी | २ | कार्यविधी | ३६ |
| ४ | मापदण्ड | ७ | मापदण्ड | ३ | मापदण्ड | १० |
| **जम्मा** | | **७८** | | **१०** | | **८८** |

**न्याय सम्पादन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ न्यायिक कार्य सम्बन्धी व्यवस्थाको दफा ४६ देखि ५३ ले न्यायिक समितिबाट अधिकार क्षेत्र भित्रका विवादको निरुपण मूलतः निर्णय र मेलमिलापको माध्यमबाट हुने उल्लेख गरेको छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ को अन्त्यमा ७ उजुरी रहेकोमा आर्थिक वर्ष २०८१।८२ मा ९३ उजुरी थप भएको र ७७ उजुरी फस्यौंट भई २३ उजुरी बाँकी रहेको देखियो। पालिकाले प्राप्त उजुरी तथा विवाद ऐन अनुसार फस्यौंट गर्नु पर्दछ।

**१५ संगठन तथा व्यवस्थापन सर्भेक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने श्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सभाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। पालिकाको नगर सभाले आर्थिक वर्ष २०७७।७८ मा संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी मिति २०७८।३।६ गते बसेको ९ औं नगर सभाको बैठकबाट नगर कार्यपालिकाको कार्यालयमा २०४ स्थायी तथा करारमा रहने गरी दरबन्दी संरचना स्वीकृत गरेको छ। पालिकाले करार तर्फ ८९, ज्यालादारी ३८ र बालमैत्री सहजकर्ता १३ समेतको पारिश्रमिकमा वार्षिक रु.५,०२,५२,१६६.०० खर्च भुक्तानी गरेको छ। पालिकाले कानून अनुसार पुरा गर्नु पर्ने आर्थिक, सामाजिक, पूर्वाधार, सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र लगायतका कार्य जिम्मेवारी पुरा हुने र कार्य सञ्चालन तथा प्रशासनिक खर्चमा मितव्ययी भई प्रभावकारी सेवा प्रवाह हुने गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरेको सुनिश्चितता हुनु पर्दछ।

**१६ तलबी प्रतिवेदन**

निजामती सेवा ऐन,२०४९ स्वास्थ्य सेवा ऐन, २०५३ तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १८० मिति २०७६।५।१८ को परिपत्र (तलबी प्रतिवेदन सम्बन्धमा) को बुँदा नम्वर ४ मा स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले तलबी प्रतिवेदन पारित नगराई संघीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २३ कर्मचारीको रु.१,८४,५४,५९६।०० र पालिकाका ४४ कर्मचारीको रु.३,०७,३२,५८६।०० समेत रु.४,९१,८७,१८२।०० तलब तथा भत्ता भुक्तानी गरेको छ । तलबी प्रतिवेदन पारित नगर्दा खर्च लेख्न पाउने भन्दा बढी ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

**१७ करार कर्मचारी**

नेपाल सरकारको आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रममा उल्लेखित स्थानीय तहबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलव्ध गराउने प्रावधान कार्यान्वयन गर्न स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा सञ्चालन सम्बन्धि कार्यबिधि,२०७५ (दोस्रो संशोधन,२०८१) को बुँदा नं. ५(४) मा हेल्थ असिस्टेण्ट वा अ.हे.व.-१, स्टाफ नर्स वा अनमि-१, र कार्यालय सहयोगी-१ समेत ३ जना करारमा लिई बुँदा नं. ३ अनुसार स्थानीय तहका सबै वडाहरुबाट तोकिएको स्वास्थ्य सेवा प्रवाह

गर्ने उल्लेख छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका अन्तर्गत स्वास्थ्य करारमा ३६ जना कर्मचारी राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.१,४८,८२,६८४.०० खर्च भुक्तानी गरेको छ।

| स्वास्थ्य संस्थाको नाम | वडा नं | अ.हे.व. | अ. न. मी. | का. स. | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| शहरी स्वास्थ्य सेवा केन्द्र, वर्थिङ सेन्टर समेत | १ | १ | ४ | ४ | ९ | ल्याब अ. १ |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र २ | २ | १ | १ | १ | ३ | |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र ३ | ३ | १ | १ | १ | ३ | |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र ४ | ४ | ० | १ | १ | २ | |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र ५ | ५ | ० | ० | १ | १ | |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र ६ | ६ | १ | ० | १ | २ | |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र ७ | ७ | १ | १ | १ | ३ | |
| सुनवल स्वाथ्य चौकी | ८ | स्थायी | - | १ | १ | |
| स्वाठी स्वास्थ्य चौकी | ९ | स्थायी | - | १ | १ | |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र १० | १० | ० | १ | १ | २ | |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र ११ | ११ | ० | १ | १ | २ | |
| रामनगर स्वास्थ्य चौकी १२ | १२ | स्थायी | - | १ | १ | |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र १३ | १३ | १ | ० | १ | २ | |
| आयुर्वेद तथा फिजियोथेरापी केन्द्र | ० | १ | १ | १ | ३ | |
| जम्मा करारमा कार्यरत | | | | | ३६ | |

## १८ खरिद योजना

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले खरिद गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नु पर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७(२) अनुसार सार्वजनिक निकायले एक वर्षभन्दा वढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक १० करोड रुपौँया भन्दा वढी रकमको खरिद गर्दा नियम ७(२) अनुसार खरिदको प्रकार, परिमाण र मोटामोटी अनुमानित मूल्य, खरिद विधि लगायत व्यहोरा समावेश गरी खरिदको गुरु योजना तयार गर्नु पर्ने उल्लेख छ। त्यस्तै नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक दश लाख रुपैंयाँ भन्दा वढी रकमको खरिद गर्नु पर्ने भएमा बार्षिक खरिद योजना तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले हरेक वर्ष सडक तथा सिँचाई लगायत कार्यक्रम कार्यान्वयन गर्न स्थानीय तहको स्रोत तथा प्रदेश र संघीय सरकारवाट बजेट प्राप्त गरी पटके रुपमा लागत अनुमान तयार गरी कार्यान्वयन गरेकोमा ऐन तथा नियमावलीमा व्यवस्था भए अनुसार खरिद गुरु योजना र बार्षिक खरिद योजना तयार गरेको देखिएन। विगत तिन वर्षको पुँजीगत तर्फको बजेट तथा खर्चको अवस्था निम्नानुसार रहेको छ। पालिकाले एक वर्षभन्दा वढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिदको प्रकार, परिमाण र मोटामोटी अनुमानित लागत मूल्य, खरिद विधि, अनुदान मापदण्ड लगायत व्यहोरा समावेश गरी व्यवस्थित रुपमा योजना कार्यान्वयन हुने गरी खरिदको गुरु योजना तथा बार्षिक खरिद योजना समेत तयार गरी कार्यान्वयन गर्नु पर्दछ।

| रु. हजारमा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विविरण | २०७९।८० | | २०८०।८१ | | २०८१।८२ | | कुल | |
| | | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च |
| १ | पालिका | ५८६५३७ | ३९६६३५ | २९११५७ | १९६०९१ | ३७६३५१ | २०८८५३ | १२५४०४५ | ८०१५७९ |
| २ | वित्तीय हस्तान्तरण - प्रदेश | १५००० | ९७३१ | १४२०० | ११३६० | १२५०० | ६४४६ | ४१७०० | २७५३७ |
| ३ | वित्तीय हस्तान्तरण - संघ | ९५७२५ | ६८७६९ | २५८०० | ११८३२ | १५७०० | १४१६० | १३७२२५ | ९४७६१ |
| | जम्मा | ६९७२६२ | ४७५१३५ | ३३११५७ | २१९२८३ | ४०४५५१ | २२९४५९ | १४३२९७० | ९२३८७७ |

१९ **ठेक्का व्यवस्थापन**

पालिकाले गरेको निम्नानुसार वोलपत्र तथा शिलवन्दी दरभाउपत्र आह्वान गरी खरिद सम्झौता गरेको कार्यको लागत अनुमानको भन्दा ३१ प्रतिशतसम्म घटीमा सम्झौता भएको छ।

| ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायी | लागत अनुमान | सम्झौता रकम | घटी % |
|---|---|---|---|---|---|
| १४। ०८१। ८२ | शहीद बिशन पाण्डे प्रतिष्ठान संग्रहालयको सामग्री खरिद र सौन्दर्यीकरण | हिमाली डाँफे कन्स्ट्रक्सन एण्ड एसोसिएट प्रा.लि., सैनामैना-४ | ४८७३४२२ | ३४९०६७४ | २८ |
| २०। ०८१। ८२ | बिशेष संरक्षण आवश्यक भएका बालबालिकाको लागि आवसीय भवन | ओम शान्ति निर्माण सेवा, रामग्राम-१२ , नवलपरासी | १०६०१४४८ | ८७७६७०६ | १७ |
| १२। ०८१। ८२ | नगरपालिका परिसर खण्ड भौतिक पूर्वाधार निर्माण कार्य, सुनवल १ | शिव शक्ति रियल इस्टेट एण्ड सौरभ कन्स्ट्रक्सन प्रालि | ९९९८८३६ | ८८०६५७१ | १२ |
| २। ०८१। ८२ | वडा कार्यालय देखि लुम्बिनी मा.बि.सम्म सडक स्तरोन्नति कार्य, सुनवल-०१ | आभ्या निर्माण सेवा, रामग्राम , नवलपरासी पश्चिम | ७७९९९२४ | ५८९९३०० | २४ |
| १७। ०८१। ८२ | सहकारी चोक देखि ज्ञानज्योति सडक मर्मत, सुनवल १२ | सिरकोट कालिका बिल्डर्स एण्ड सप्लायर्स, टोखा-१० , गंगाबु | ७७९९७९८ | ७६३४५२९ | २ |
| १८। ०८१। ८२ | खाकरीबारी गैंडाखाल र लोटस रिसोर्ट बरगदही नवदुर्गा बत्रौली सडक कालोपत्रे | आव्य निर्माण सेवा, रामग्राम | ६९५८४६० | ५१२३९६५ | २६ |
| ८। ०८१। ८२ | सडक मर्मत र घुडल्ला पानी आपूर्ति ट्याङ्की पूर्व सडक र हीरागञ्ज देखि सुन्दरबस्ती सडक निर्माण कार्य | तेजभक्त निर्माण सेवा प्रालि, मध्यपुर | ५१६९६३४ | ३५७८१८६ | ३१ |
| १०। ०८१। ८२ | कृष्ण मन्दिर देखि जरगाहा सडक स्तरोन्नति कार्य | हिमाली दाँफे कन्स्ट्रक्सन एण्ड एसोसिएट प्रालि, सैनामैना-४ | ४८७४९६६ | ३५०२९८६ | २८ |
| ३। ०८१। ८२ | नगरपालिका प्रशासनिक भवन पहुँच मार्ग | वाईपी निर्माण सेवा, सुनवल-०२ | ३८९९२९५ | ३४१०५०० | १३ |
| ११। ०८१। ८२ | सुनगाभा र शान्ति टोल रोड पिच | पुजा निर्माण सेवा, कुश्मा | ३४१२०२२ | २५५१७३४ | २५ |
| ४। ०८१। ८२ | लक्ष्मी पथ रोड ब्ल्याक-टप र मुनाल पथ हडाहा रोड स्तरोन्नति, सुनवल-०४ | रिजन निर्माण सेवा, सुनवल-०४ | ३४०८५६२ | ३०३२७९० | ११ |
| १६। ०८१। ८२ | वडा कार्यालय जाने बाटो निर्माण, काशीपुर अधुरोबाटो कालोपत्रे र पिपराया टोल सडक पिच , सुनवल-९ | तेजभक्त निर्माण सेवा प्रालि, मध्यपुर थिमी | ३३१२८४७ | २९८७८९८ | ९ |
| ९। ०८१। | बाँकट्टी बजार र नाडुवा असम्बासी कृतिपुर १ डी टोल रोड कालो टप मर्मतसम्भार, सुनवल-०५ र ०३। | विकास निर्माण सेवा, बर्दघाट | २९२६५८० | २८९७७०८ | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८२ | | | | | |
| १९। ०८१। ८२ | खेमराज पाण्डे टोल मर्मत, पुलटोल पश्चिम खिमबहादुर पुनको घर पश्चिम जाने बातो सडक स्तरोन्नती लगायत | सी लाइट कन्स्ट्रक्सन एण्ड सप्लायर्स, भक्तपुर | २४३६००६ | २३३३२४३ | ४ |
| ७। ०८१। ८२ | वडा कार्यालय भवन प्रवेश मार्ग र गोलघाट माया पोखरेलको घरदेखि वडा कार्यालय सडक, सुनवल–०६ | सी लाइट कन्स्ट्रक्सन एण्ड सप्लायर्स, भक्तपुर | २४३४४४४ | १९४५७२७ | २० |
| ५। ०८१। ८२ | वडा कार्यालय प्रवेश मार्ग, सुनवल-०४ | रिजन निर्माण सेवा | २०५०००४ | १९१४६७९ | ७ |

उल्लिखित विवरण अनुसार निर्माण तर्फ पालिकाले तयार गरेको लागत अनुमान भन्दा ३१ प्रतिशत घटीसम्म घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी खरिद कार्य भएको देखिन्छ। पालिकाले सम्पन्न गरेका निर्माण कार्य निर्धारित गुणस्तरमा भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधिसम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मूल्यमानै गुणस्तरीय कार्य हुने भएमा प्रयोग गर्ने मितव्ययी नर्म्स तथा पालिकाको स्थानीय दररेट समेत निर्धारण गर्नुपर्ने देखिन्छ।

## २० सहकारी संस्था व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(ख) अनुसार स्थानीय तहको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्था सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्डको निर्माण, कार्यान्वियन र नियमन गर्ने कार्य सम्बन्धित स्थानीय तहको हुने उल्लेख छ। सोही अनुसार पालिकाको भौगोलिक क्षेत्रभित्र रहेका सहकारी संस्थाहरु सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा अभिलेख अद्यावधिक भई सञ्चालन तथा व्यवस्थापन भए नभएको सम्बन्धमा अनुगमन गरेको देखिएन। पालिकाले विद्यमान कानुन तथा कार्यविधि अनुसार अनुगमन प्रतिवेदनमा समावेश व्यहोरा कार्यान्वियन गर्नु पर्दछ।

## २१ खर्चको प्रकृति

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ अनुसार स्थानीय तहले उच्च सरकारका नीति सँग मेल खाने गरी सुशासन, वातावरण, जलवायु, विपद, बालमैत्रीता तथा समावेशीकरणलाई समेटेर आवधिक र वार्षिक योजना बनाउनु पर्ने व्यवस्था छ । त्यस्तै दफा २४(३) ले आर्थिक विकास, गरिबी निवारण, उत्पादनमूलक र छिटो प्रतिफल दिने, जीवनस्तर र रोजगारी बढाउने लगायतका कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने उल्लेख छ। यस वर्ष पालिका तथा वडा अन्तर्गत सञ्चालन भएका निम्न कार्यक्रमहरु ऐनमा व्यवस्था भए अनुसार प्रत्यक्ष रुपमा दीर्घकालीन रुपमा आर्थिक विकास, गरिबी निवारण, उत्पादनमूलक, छिटो प्रतिफल तथा रोजगारी वृद्धि हुने नभइ वितरणमुखी रहेको देखियो । ऐनको व्यवस्था अनुसार आवश्यकता तथा औचित्यतामा आधारित रही वजेट तथा कार्यक्रम निर्धारण गरी कार्यान्वियन हुने यकिन गरी सुबिधा प्राप्त गर्ने लाभग्राहीको विवरण पालिकाको वेबसाइट मार्फत सार्वजनिक गर्नु पर्दछ।

| गो. भौ. नं. | विवरण | खर्च रकम |
|---|---|---|
| ४२८।०८१।१२।२० | वडा नं. ३ मा खेलकुद समाग्री खरिद तथा वितरण | १६२५०० |
| ६२४।०८२।२।४ | वडा नं. ८ मा खेलकुद समाग्री खरिद तथा वितरण | १५१६२३ |
| ६३९।०८२।२।११ | वडा नं. ९ मा सुनौलो हजार दिनमा आमाहरुलाई झुल वितरण | ९९००० |
| ६४७।०८२।२।१२ | वडा नं. १३ मा २३ महिना सम्मका वालवालिकाहरुलाई अण्डा वितरण | १००००० |
| ६८७।०८२।२।२३ | वडा नं. ८ मा अपाङ्ग भएका व्यक्तिहरुलाई झुल ६० थान र टर्च लाइट ६० थान वितरण | ९९०३६ |
| ७७३।०८२।३।८ | खेलकुद समाग्री खरिद गरेको तर प्रयोजन नखुलाएको | ४५२५० |
| ८९३।०८२।३।१८ | वडा नं. ५ मा अपाङ्ग सम्बन्धि सामाग्री झुल, ह्विल चेयर वितरण | ९९६०९ |
| ९१२।०८२।३।१८ | अपाङ्ग लक्षित कार्यक्रम अन्तर्गत वडा नं. १२ मा झुल र तन्ना वितरण | ९९१९१ |

## २२ राजस्व अनुमान तथा प्राप्ति

पालिकाको राजस्वको निम्नानुसार शीर्षकमा आर्थिक वर्ष २०७९।८० मा रु. १२,२०,४८,००९.००र २०८०।८१ मा रु.९,९५,२०,८३६.००आम्दानी प्राप्त गरेकोमा आर्थिक वर्ष २०८१।८२ को अनुमान रु.१३,८६,००,०००.०० मध्ये ६६ प्रतिशत रु.९,१९,१५,९९४.०० मात्र प्राप्ति गरेको देखिन्छ।

| क्र.सं. | आन्तरिक राजस्व शीर्षक | आ.व.२०७९/८० को यथार्थ | आ.व. २०८०/०८१को यथार्थ | आ.व. २०८१/०८२ को अनुमान | आ.व.२०८१/ ८२ को यथार्थ | प्राप्त प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सम्पतीकर/ भूमीकर/ मालपोत | १८२३३४३१ | १८६५४७५४ | २१५००००० | २०००७०९७ | ९३ |
| २ | वहालकर/ सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | ७७५४९२१ | ११७१५५२१ | ७०००००० | ७८६५२९९ | ११२ |
| ३ | वहालविटौरी कर | १२४०० | १३७१६४५ | ४५००००० | ३७२३६१६ | ८३ |
| ४ | अन्यकर/ व्यावसाय रजिष्ट्रेसन दस्तुर/ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ३२५००९५ | २३७७७२० | १५००००० | ९१३६०८ | ६१ |
| ५ | अन्यव्यक्तिगत आन्तरिक अनुदान | ४९९०९८७ | | | | |
| ६ | अन्यबिक्रीबाट प्राप्त रकम | ३०६६६०९५ | ३०००९००० | २०००००० | ५१५००० | २६ |
| ७ | अन्यसेवा शुल्क तथा बिक्री | २९३५२४७ | ३६९८० | ८०००००००० | १७८०० | ० |
| ८ | नक्सापासदस्तुर | २३४७६८८ | २१३९०७२ | ४५००००० | ३००४९८८ | ६७ |
| ९ | सिफारिशदस्तुर | १११९५२७० | ९४५६५१५ | ९०००००० | ६८५५६६८ | ७६ |
| १० | नाताप्रमाणित दस्तुर | ७३५४७० | ४९१७४० | ६००००० | - | |
| ११ | अन्यदस्तुर/ न्यायिक दस्तुर/ अन्य प्रशासनिक सेवा शूल्क/ प्रशासनिक दण्डजरिवाना रजफत/ घटना दर्ता शूल्क | ५१०२८३८ | ७४२४१९८ | - | ११२०२३३४ | |
| १२ | अन्यराजस्व/ बेरुजु/ व्यावसायले भूक्तान गर्ने/ लाभांस | २७८२८७७६ | १३६५१७५१ | ३०००००० | ३०२०९०८४ | १००७ |
| १३ | व्यवसायकर | ६९९४७९१ | २१९१९४० | ५०००००० | ७६०१५०० | १५२ |
| | जम्मा | १२२०४८००९ | ९९५२०८३६ | १३८६००००० | ९१९१५९९४ | ६६ |
| आर्थिक वर्ष २०८१।८२ मा राजस्व शीर्षक अन्यसेवा शुल्क तथा बिक्रीमा नदिजन्य पदार्थको आय ठेक्का गरी प्राप्त हुने आम्दानीको अनुमान गरेकोमा आय ठेक्का व्यवस्थापन पालिकाले नगरेको विवरण पेश गरेको छ। | | | | | | |

### २२.१ आन्तरिक आम्दानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले सम्पत्ति कर, भूमिकर/मालपोत, वहाल कर, वहाल विटौरी कर, माछा पोखरी आम्दानी, विज्ञापन कर, सवारी साधन कर (साना सवारी) लगायत आम्दानी प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको, राजस्वको लेखा र दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अद्यावधिक गर्न लगाउनु पर्ने व्यवस्था छ। पालिकाको आर्थिक वर्ष २०८१।८२ को अनुमान रु.१३,८६,००,०००.०० मध्ये ६६ प्रतिशत रु.९,१९,१५,९९४.०० मात्र प्राप्त गरेकोमा नियमावलीमा व्यवस्था भए अनुसार पालिकाले प्रदान गर्ने सेवा प्रवाहसँग भिडान गरी सो अनुसार राजस्व प्राप्त भई समयमा दाखिला भएको सुनिश्चित हुने गरी मासिक रुपमा निरीक्षण गरेको देखिँदैन। पालिकाले आन्तरिक आम्दानीको प्रक्षेपण वस्तुपरक रुपमा

यथार्थपरक हुने गरी निर्धारण गर्ने, नियममा भएको व्यवस्थाको पालना हुने गरी कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको एकिन गर्न राजस्वको लेखा र दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अद्यावधिक गर्न गराउनु पर्दछ।

२२.२ **राजश्व दाखिला**

लुम्बिनि प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २७ बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोहि दिन र सोहि दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ ।त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतको दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही गर्न गराउन सक्ने व्यवस्था छ। पालिकाका वडा कार्यालयहरुमा संकलन भएको राजस्व भौगोलिक हिसाब तथा स्वास्थ्य प्रतिकुलताको कारण देखाई तोकिएको समय भन्दा केही ढिला गरि दाखिला गर्ने गरेको पाईयो। पालिकाले राजस्व संकलन तथा दाखिला समयमा गर्नुपर्ने देखिन्छ।

२२.३ औद्योगिक निकायबाट प्राप्त लाभांश

राजस्वको गोश्वारा भौचर नं. १२।०८२।२।३० बाट रु. ६,४०,०००.०० आम्दानी जनाएको छ। आम्दानी जनाउँदा राजस्वको स्रोत, सम्झौता, आर्थिक ऐनको व्यवस्था लगायत खुलाई आम्दानी जनाएको देखिदैन। पालिकाले आम्दानी प्राप्त गर्दा स्रोत, सम्झौता तथा आर्थिक ऐनको व्यवस्था अनुसार प्राप्त हुनु पर्ने राजस्वको एकिन गरी राजस्व आम्दानी गर्नु पर्दछ।

२२.४ सटर भाडा सम्झौता

पालिकाको स्वामित्वमा रहेका भुमही बजारको व्यवसायीक तथा कृषि सटरको भाडाको लागि निम्नानुसार व्यक्तिसँग आर्थिक वर्ष २०७६।७७ देखि २०८१।८२ सम्म प्रतिवर्ष १० प्रतिशतका दरले वृद्धि हुने गरी सटर भाडा सम्झौता भएको विवरण पेश भएको छ। पालिकाले सटर भाडा सम्झौता गर्दा प्रचलित न्यूनतम बजार दर निर्धारण गरी प्रतिशपर्धात्मक तवरबाट छनौट गरेको देखिदैन। सटर भाडा सम्झौता प्रचलित न्यूनतम बजार दर निर्धारण गरी प्रतिशपर्धात्मक तवरबाट भएको सुनिश्चितता हुनु पर्दछ।

| क्र.सं. | नामथर | सटरनं. | आ.व.०७६/ ७७ | आ.व.०७७/ ७८ | आ.व.०७८/ ७९ | आ.व.०७९/ ८० | आ.व.०८०/ ८१ | आ.व.०८१/ ८२ |
|---|---|---|---|---|---|---|---|---|
| १ | एक नारायणचापागाई | १ | ५,८००.०० | ६,३८०.०० | ७,०१८.०० | ७,७१९.८० | ८,४९१.७८ | ९,३४०.९६ |
| २ | एक नारायणचापागाई | २ | ५,८००.०० | ६,३८०.०० | ७,०१८.०० | ७,७१९.८० | ८,४९१.७८ | ९,३४०.९६ |
| ३ | नुमनाथशर्मा पौडेल | ३ | ७,२००.०० | ७,९२०.०० | ८,७१२.०० | ९,५८३.२० | १०,५४१.५२ | ११,५९५.६७ |
| ४ | नारायणबहादुर भण्डारी | ४ | ७,२००.०० | ७,९२०.०० | ८,७१२.०० | ९,५८३.२० | १०,५४१.५२ | ११,५९५.६७ |
| ५ | नारायणबहादुर भण्डारी | ५ | ७,२००.०० | ७,९२०.०० | ८,७१२.०० | ९,५८३.२० | १०,५४१.५२ | ११,५९५.६७ |
| ६ | कृष्णप्रसाद पाण्डे | ६ | ७,२००.०० | ७,९२०.०० | ८,७१२.०० | ९,५८३.२० | १०,५४१.५२ | ११,५९५.६७ |
| ७ | तिलकरामबस्याल | ७ | ७,२००.०० | ७,९२०.०० | ८,७१२.०० | ९,५८३.२० | १०,५४१.५२ | ११,५९५.६७ |
| ८ | प्रधुमाननाँउ | ८ | ५,९००.०० | ६,४९०.०० | ७,१३९.०० | ७,८५२.९० | ८,६३८.१९ | ९,५०२.०१ |
| ९ | राम बहादुरथापा | ९ | ७,२००.०० | ७,९२०.०० | ८,७१२.०० | ९,५८३.२० | १०,५४१.५२ | ११,५९५.६७ |
| १० | विष्णुप्रसाद श्रेष्ठ | १० | ७,२००.०० | ७,९२०.०० | ८,७१२.०० | ९,५८३.२० | १०,५४१.५२ | ११,५९५.६७ |
| ११ | जुनाकुमारी कण्डेल | ११ | ७,२००.०० | ७,९२०.०० | ८,७१२.०० | ९,५८३.२० | १०,५४१.५२ | ११,५९५.६७ |
| १२ | तेज बहादुरविश्वकर्मा | १२ | ७,२००.०० | ७,९२०.०० | ८,७१२.०० | ९,५८३.२० | १०,५४१.५२ | ११,५९५.६७ |
| १३ | उपेन्द्रमानप्रधान | १३ | ७,२००.०० | ७,९२०.०० | ८,७१२.०० | ९,५८३.२० | १०,५४१.५२ | ११,५९५.६७ |
| १४ | प्रकाशभण्डारी | १४ | ७,२००.०० | ७,९२०.०० | ८,७१२.०० | ९,५८३.२० | १०,५४१.५२ | ११,५९५.६७ |
| १५ | तवारक अली | १५ | ३,०००.०० | ३,३००.०० | ३,६३०.०० | ३,९९३.०० | ४,३९२.३० | ४,८३१.५३ |
| १६ | राम कुमारवि.क. | १६ | ४,५००.०० | ४,९५०.०० | ५,४४५.०० | ५,९८९.५० | ६,५८८.४५ | ७,२४७.३० |
| १७ | कृष्णप्रसाद तिवारी | १७ | ७,२००.०० | ७,९२०.०० | ८,७१२.०० | ९,५८३.२० | १०,५४१.५२ | ११,५९५.६७ |
| १८ | ओम प्रसादभट्टराई | १८ | ७,२००.०० | ७,९२०.०० | ८,७१२.०० | ९,५८३.२० | १०,५४१.५२ | ११,५९५.६७ |
| १९ | मित्रलालभट्टाराई | १९ | ७,२००.०० | ७,९२०.०० | ८,७१२.०० | ९,५८३.२० | १०,५४१.५२ | ११,५९५.६७ |
| २० | सम्झनासापकोटा | २० | ७,२००.०० | ७,९२०.०० | ८,७१२.०० | ९,५८३.२० | १०,५४१.५२ | ११,५९५.६७ |
| २१ | बद्रीपौडेल | २१ | ४,५००.०० | ४,९५०.०० | ५,४४५.०० | ५,९८९.५० | ६,५८८.४५ | ७,२४७.३० |
| २२ | लाल बहादुरथापा | २२ | ३,०००.०० | ३,३००.०० | ३,६३०.०० | ३,९९३.०० | ४,३९२.३० | ४,८३१.५३ |
| २३ | कर्णबहादुर दमै | २३ | ४,५००.०० | ४,९५०.०० | ५,४४५.०० | ५,९८९.५० | ६,५८८.४५ | ७,२४७.३० |
| २४ | दामोदरन्यौपाने | २४ | ४,५००.०० | ४,९५०.०० | ५,४४५.०० | ५,९८९.५० | ६,५८८.४५ | ७,२४७.३० |
| २५ | झबिकलासुनार | २५ | ४,५००.०० | ४,९५०.०० | ५,४४५.०० | ५,९८९.५० | ६,५८८.४५ | ७,२४७.३० |
| २६ | तेजेन्द्रबहादुर परियार | २६ | ४,५००.०० | ४,९५०.०० | ५,४४५.०० | ५,९८९.५० | ६,५८८.४५ | ७,२४७.३० |
| २७ | युवराजरेग्मी | २७ | ४,५००.०० | ४,९५०.०० | ५,४४५.०० | ५,९८९.५० | ६,५८८.४५ | ७,२४७.३० |
| २८ | हेमलालपाण्डे | २८ | ३,६००.०० | ३,९६०.०० | ४,३५६.०० | ४,७९१.६० | ५,२७०.७६ | ५,७९७.८४ |
| २९ | झबिकलासुनार | २९ | ३,६००.०० | ३,९६०.०० | ४,३५६.०० | ४,७९१.६० | ५,२७०.७६ | ५,७९७.८४ |
| ३० | गंगादेवीकोइराला | कृषि १ | ४,६००.०० | ५,०६०.०० | ५,५६६.०० | ६,१२२.६० | ६,७३४.८६ | ७,४०८.३५ |
| ३१ | प्रेम गौतम | कृषि २ | ३,३००.०० | ३,६३०.०० | ३,९९३.०० | ४,३९२.३० | ४,८३१.५३ | ५,३१४.६८ |
| ३२ | ओम प्रसादभट्टराई | कृषि ४ | ४,०००.०० | ४,४००.०० | ४,८४०.०० | ५,३२४.०० | ५,८५६.४० | ६,४४२.०४ |
| ३३ | खिम प्रसादभुषाल | कृषि ५ | ४,०००.०० | ४,४००.०० | ४,८४०.०० | ५,३२४.०० | ५,८५६.४० | ६,४४२.०४ |
| ३४ | नवल किशोरकोइरी | कृषि ६ | ४,२००.०० | ४,६२०.०० | ५,०८२.०० | ५,५९०.२० | ६,१४९.२२ | ६,७६४.१४ |

२२.५ सटर भाडा बक्यौता

पालिकाले सटर भाडा सम्झौताको सर्त अनुसार जरिवाना/व्याज लगाई सटरभाडा प्राप्त गर्नु पर्दछ। पालिकाको स्वामित्वमा रहेका भुमही बजारको व्यवसायीक तथा कृषि सटरको भाडा सम्झौताको रकम प्राप्त हुन बाँकी रहेको देखिन्छ। सटर भाडा सम्बन्धमा सम्झौताको शर्त अनुसार जरिवाना/ब्याज लगाई असुल गर्नु पर्ने रु.

| क्र.सं. | नाम थर | सटर नं. | विवरण | बक्यौता रकम |
|---|---|---|---|---|
| १ | एक नारायण चापागाई | १ | आर्थिक वर्ष २०८१।८२ को रु.९३४०.०० को दरले १ वर्षको बाँकी | ११२०९२ |
| २ | एकनारायण चापागाई | २ | आर्थिक वर्ष २०७८।७९ मा फागुन देखि असारसम्म र आर्थिक वर्ष २०७९।८० देखि २०८१।८२ सम्मको बाँकी | ३४१७२० |
| ३ | प्रधुमाननाँउ | ८ | आर्थिक वर्ष २०८१।८२ को असार महिनाको बाँकी | ९५०२ |
| ४ | रामबहादुर थापा | ९ | आर्थिक वर्ष २०८१।८२ को सवै बाँकी | १३९१४८ |
| ५ | विष्णुप्रसाद श्रेष्ठ | १० | आर्थिक वर्ष २०८०।८१ को असार र २०८१।८२ को सवै बाँकी | १४९६९० |
| ६ | तवारकअली | १५ | आर्थिक वर्ष २०८१।८२ को असार महिनाको बाँकी | ४८३२ |
| | | | **जम्मा रु.** | ७५६९८४ |

| असुल गर्नुपर्ने | ७,५६,९८४ |
|---|---|

२२.६ **व्यावसाय कर**

पालिकाको आर्थिक ऐन अनुसार नगरपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र त्यस्तै प्रकारका जुनसुकै कारोवार गर्ने व्यक्ति वा निकायलाई व्यवसायीको प्रकृति, आर्थिक कारोवार, स्थान बिशेष र लगानीका आधारमा अनुसूचीमा तोकेको दरमा व्यवसाय कर लगाई असुल उपर गर्ने उल्लेख छ। पालिकाले आफ्नो क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र त्यस्तै प्रकारका कारोवार गर्ने व्यक्ति वा निकायबाट व्यवसायीको प्रकृति, आर्थिक कारोवार, स्थान बिशेष र लगानीका आधारमा प्राप्त हुनु पर्ने विस्तृत विवरण सहित राजस्वको अनुमान गरेको देखिदैन। पालिकाले आर्थिक वर्ष २०७९।८० को आर्थिक ऐनमा अधिकृत पूँजी ५ करोड रुपौँया भन्दा माथि भएमा एकमुष्ठ रु. १ लाख र आर्थिक वर्ष २०८०।८१ र २०८१।८२ को आर्थिक ऐनमा रु.६ करोडभन्दा माथि चुत्ता पूँजी भएमा प्रति करोड रु. ७०००.०० का दरले एकमुष्ठ असुल गर्ने व्यवस्था गरेकोमा जगदम्बा सिमेन्ट बाहेक अन्य निम्नानुसार ठुला उद्योग कलकारखानाबाट रु.१,४५,०५,७००.०० असुल गरेको देखिदैन। पालिकाले आफ्नो क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र त्यस्तै प्रकारका कारोवार गर्ने व्यक्ति वा निकायबाट व्यवसायीको प्रकृति, आर्थिक कारोवार, स्थान बिशेष र लगानीका आधारमा प्राप्त हुनु पर्ने विस्तृत विवरण सहित राजस्वको अनुमान गरी प्राप्ति गर्नु पर्दछ। पालिकाले आर्थिक वर्ष २०७९।८० को आर्थिक ऐनमा अधिकृत पूँजी ५ करोड रुपौँया भन्दा माथि भएमा एकमुष्ठ रु. १ लाख र आर्थिक वर्ष २०८०।८१ र २०८१।८२ को आर्थिक ऐनमा रु.६ करोडभन्दा माथि चुत्ता पूँजी भएमा प्रति करोड रु.७०००.०० का दरले एकमुष्ठ असुल गर्ने व्यवस्था गरेको छ। पालिकामा रहेका केही ठुला उद्योग कलकारखानाको विवरण र अवस्था निम्नानुसार रहेको छ।

| उद्योगकोनाम | नगरपालिकासँग दर्तामारहेका | दर्ता | कर तिरेको आर्थिक वर्ष | भुक्तानी रकम | जारी वा चुक्ता पूँजी | बार्षिकदर | | | दायित्व |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७९।८० | २०८०।८१ | २०८१।८२ | जम्मा |
| जगदम्बा सिमन्ट | २५७-०७९।११।८ | | २०८१।८२ | १७८२०० | ३००००००००० | १००००० | २१०००० | २१०००० | ० |
| अग्नी सिमेन्ट | २६०-२०७९।१२।२६ | | २०७९।८० | १०२५१० | ५००००००००० | १००००० | ३५०००० | ३५०००० | ८००००० |
| सर्वोत्तमसिमेन्ट | दर्ता नभएको | कम्पनीऐन अनुसार दर्ता २०६७।६।२० | नतिरेको | नतिरेको | ४९७५५००००० | १००००० | ३४८२८५० | ३४८२८५० | ७०६५७०० |
| पाल्पा सिमेन्ट | दर्ता नभएको | कम्पनीऐन अनुसार दर्ता २०६६।७।९ | नतिरेको | नतिरेको | ३०००००००००० | १००००० | २१००००० | २१००००० | ४३००००० |
| लुम्बिनी चिनीमिल | दर्ता नभएको | नखुलेको | नतिरेको | नतिरेको | | १००००० | ० | ० | नखुलेको |
| लक्ष्मी स्टिलउद्योग | दर्ता नभएको | नखुलेको | नतिरेको | नतिरेको | १६०००००००० | १००००० | ११२०००० | ११२०००० | २३४०००० |
| **जम्मा** | | | | | | **६०००००** | **७२६२८५०** | **७२६२८५०** | **१४५०५७००** |

## २३ अनुगमन भत्ता

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **२,५५०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२४ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, मितव्ययिता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाको स्थानीय सञ्चित कोष ब्यवस्थापन प्रणाली (SuTRA) को विवरण अनुसार विविध खर्चमा वडा र पालिकातर्फको समेत रु.१,०५,२३,६०४.०० खर्च भएको देखिए तापनि विविध खर्च शिर्षकबाट बिभिन्न कार्यक्रम, भैपरी आउने अन्य कामहरु, कार्यालय समान, जिन्सी मालसमानको मर्मत लगायतमा समेत खर्च भएको देखिन्छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार वडातर्फ रु.१२,४८,०००.०० र कार्यपालिकातर्फ रु.२५,७९,६६६.०० गरी जम्मा रु.३८,२७,६६६.०० विषगत समितिका बैठक, अथिति सत्कार र कार्यपालिकाबाट भएको खाजा, खाना, चिया लगायतमा खर्च भएको उल्लेख छ। पालिकाबाट खर्च भएका केही उदाहरण निम्नानुसार रहेका छन। पालिकाले ऐन, निर्देशिका, मापदण्ड, वित्तीय क्षमता तथा विनियोजन बजेटको परिधिभित्र रही विविध खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ।

| भौचर नं. | बेहोरा | खर्च रु. |
|---|---|---|
| ८।०८१।६।६ | पालिकाभित्रको चिया नास्ता तथा खाना वापत भएको बिभिन्न समयको खर्च | ४५२१०० |
| २९७।०८१।११।५ | चिया नास्ता तथा खाजामा भएको खर्च | ११२३१० |
| ७५९।०८२।३।५ | चिया नास्ता तथा खाजामा भएको खर्च | २१४४२९ |
| १००९।०८२।३।२३ | चिया नास्ता तथा खाजामा भएको खर्च | १३८०७५ |
| ९२१।०८२।३।१८ | विभिन्न समयको अथिति सत्कारमा भएको खर्च | ३६७२४७ |
| १०५८।०८२।३।२४ | विभिन्न समयको अथिति सत्कारमा भएको खर्च | २४९०६३ |

२५ **इन्धन तथा मर्मत खर्च**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७७ को दफा ४ (१) (२) (३) र (४) मा पदाधिकारीहरुको सुविधा सम्बन्धी व्यवस्था छ । सो ऐनमा सवारी साधन उपलब्ध गराएको अवस्थामा अनुसूचिमा उल्लेख भए बमोजिमको इन्धन र मोबिल उपलब्ध गराउने उल्लेख छ। त्यस्तै कर्मचारीहरुको हकमा नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०८१ को बुदा नं ४८ मा सवारी साधन तथा इन्धन सुबिधा सम्बन्धि मापदण्डको व्यवस्था गरेको छ । पालिकाले सवारी साधन मर्मत तथा इन्धन प्रयोगका सम्बन्धमा निश्चित मापदण्ड तयार गरी लागु गरेको देखिएन। यस वर्ष सवारी साधन मर्मतमा रु.२५,००,०००।०० र इन्धनमा रु.६६,००,००००।०० खर्च गरेको छ । पालिकाले सवारी साधन अनुसार पदाधिकारी तथा कर्मचारीलाई वार्षिक मर्मत र इन्धन खर्चको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्दछ। साथै मेशिनरी औजार तथा सवारी साधन मर्मत गर्दा महालेखापरीक्षकबाट स्वीकृत

भएका म.ले.प. फाराम मर्मत आवेदन तथा आदेश फाराम ४१४, मर्मत सम्पन्न ४१४(क) र मर्मत अभिलेख खाता ४१५ व्यवस्थित रुपमा राखी यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

२६ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली,२०६४ को नियम ४ मा भ्रमण किफायती हुनुपर्ने, नियम १८ मा भ्रमण सम्बन्धी बिल भरपाईहरु र नियम २१ मा भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था गरेको छ । पालिकाले यो वर्ष दैनिक भ्रमण खर्चमा रु.२५,००,०००.०० र अनुगमन तथा मूल्याङ्कन खर्च शीर्षकमा रु.१७,६८,५६८.०० समेत जम्मा रु.४२,६८,५६८.०० खर्च भुक्तानी गरेको छ। भ्रमण आदेश र संलग्न भएका बिल भरपाईहरु नमूना छनौट गरी परीक्षण गर्दा भ्रमणको उद्देश्य स्पष्ट नहुने, भ्रमण प्रतिवेदन तथा भ्रमण अभिलेख खाता आंशिक रुपमामात्र राखेको देखिएकोले भ्रमण खर्च मितव्ययी हुने गरी स्पष्ट उद्देश्य सहित भ्रमण अभिलेख अद्यावधिक र भ्रमण प्रतिवेदन अनिवार्य संलग्न गर्नुपर्दछ।

२७ **भरपाई पेश हुनुपर्ने**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **४००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२८ **अनुगमन प्रतिवेदन**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१,५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२९ **महिला स्वयंसेविका प्रोत्साहन**

महिला स्वयम्सेविका प्रोत्साहन नेपाल सरकार संघीय शशर्त चालु कार्यक्रमबाट महिला स्वयम् सेविकाहरुलाई यातायात खर्च र पोशाक खर्च वापत वार्षिक रु. २२,०००।०० उपलब्ध गराउदै आएको छ। पालिकाले राजस्व बाँडफाँड शिर्षकबाट महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई संघीय शर्सतबाट उपलब्ध गराउदै आएको सुविधाका अतिरिक्त वार्षिक रु.३६०००.०० दरले २८ जनालाई रु.१०,०८,०००.०० खर्च भुक्तानी गरेको छ । यसरी एउटै कार्यक्रमलाई संघ, पालिका र वडाबाट समेत छुट्टाछुट्टै रुपमा सेवा सुविधा वितरण गरिनुको सट्टा एकिकृत प्रणालीबाट सुविधा उपलब्ध गराउदा मितव्ययि र प्रभावकारी हुने भएकोले पालिकाले उस्तै प्रकृतिका कार्यक्रममा खर्च गर्ने प्रणालीमा नियन्त्रण गर्नु पर्दछ।

३० **प्रशासनिक खर्चको तुलना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्वीकृत भएको बजेट दफा ७३(६) अनुसार प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने र एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार खर्चको वर्गिकरण र प्रतिवेदन हुनु पर्ने उल्लेख छ। पालिकाको २०८१।८२ को चालु खर्च तर्फ रु.५०,३३,४१,७८८.०० रहेकोमा निम्नानुसार खर्च शीर्षकमा भएको आर्थिक वर्ष २०७९।८० देखि २०८१।८२ सम्मको खर्चको अवस्था निम्नानुसार रहेको छ। पालिकाले विविध खर्च तर्फ बिभिन्न कार्यक्रम, भैपरी आउने अन्य कामहरु, कार्यालय समान, जिन्सी मालसमानको मर्मत लगायतमा समेत खर्च भएको देखिन्छ। एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार खर्चको वर्गिकरण अनुसार कार्यक्रम तथा बजेट विनियोजन र सोही अनुसार यथार्थपरक रुपमा वित्तीय विवरणको प्रतिवेदन हुने र स्थानीय सरकार सञ्चालन ऐन अनुसार खर्चमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीता कायम हुने गरी प्रशासनिक खर्च व्यवस्थापन हुनु पर्दछ।

| क्र.सं. | खर्च शीर्षक र आर्थिक वर्ष | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
|---|---|---|---|---|
| १ | पानी तथा बिजुली | १५०००००० | १०४५१८८ | ३४४५३१३ |
| २ | अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्च | १६९२५७० | २४६३३९५ | ४२६८५६८ |
| ३ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ५०९५२९९ | २९८५४०० | ० |
| ४ | अन्य भत्ता | ३९९९२२० | ३२९०९२७ | ३९०४७०१ |
| ५ | पदाधिकारी सुविधा | १४६७२५०० | १४३४७००० | १४९९४००० |
| ६ | मसलन्द तथा कार्यालय सामाग्री | ४६५८८६ | ६०४९४४७ | १४०००००० |
| ७ | पुस्तक तथा सामग्री खर्च | ० | ७५१५००० | ० |
| ८ | पत्रपत्रिका, छपाइ तथा सूचना प्रकाशन | ३६९९१४८ | २४३५५२२ | ३४६२७८६ |
| ९ | अन्य कार्यालय सञ्चालन खर्च | ११५३८१४३ | १४९९१२७२ | १४५००००० |
| १० | इन्धन | ६५०००००० | ७४४२१३३ | ६६०००००० |
| ११ | सवारी साधन मर्मत खर्च | ६०७६०३ | २४८९२४५ | २५०००००० |
| १२ | विविध खर्च | ५५२३५३२ | २४२८३१७७ | १०५२३६०४ |

३१ **पदाधिकारी सुविधा सार्वजनिकरण**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ को दफा १५ अनुसार पदाधिकारी तथा सदस्यले यस ऐन बमोजिम प्राप्त गरेका सुविधाहरुको विवरण तीन-तीन महिनामा सम्बन्धित स्थानीय तहले सार्वजनिक गर्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष स्थानीय तहका पदाधिकारी तथा सदस्यलाई उपलब्ध गराएको सुविधा तीन-तीन महिनामा सार्वजनिक गर्ने गरेको देखिएन । पालिकाले ऐनमा भएको व्यवस्था अनुसार पदाधिकारीले प्राप्त गरेको सेवा सुविधा तीन-तीन महिनामा सार्वजनिक गर्नु पर्दछ।

३२ **बैठक भत्ता भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१२,७५०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३३ **भरपाई पेश हुनुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका गोश्वरा भौचरबाट बिभिन्न सामाग्री खरिद गरेकोमा सो सामाग्रीहरु लक्षित समूहलाई बुझाएको भरपाई संलग्न नभएको तथा खर्चको प्रयोजन खुलाएको नदेखिएकोले प्रयोजन खुलाई बुझाएको भरपाई पेश गर्नु पर्ने रु.

| गो भौ नं | विवरण | खर्च रकम | कैफियत |
|---|---|---|---|
| ९१२।०८२।३।१८ | वडा नं १२ को अपाङ्ग लक्षित कार्यक्रम अन्तर्गत झुल ७७ थान, तन्ना ७७ पिस | ९९,१९१ | बुझाएको भरपाई पेश नभएको |
| ८७०।०८२।३।१७ | खेलकुद सामाग्री खरिद | १,५१,०४२ | प्रयोजन नखुलाएको |
| ८६४।०८२।३।१७ | ह्विल चेयर खरिद | ३६,००० | भरपाई पेश नभएको |
| ७७३।०८२।३।१७ | खेलकुद सामाग्री खरिद | ४५,२५० | प्रयोजन नखुलाएको |
| १००९।०८२।३।२३ | वडा नं १२ इलेक्ट्रिकल स्प्रेयर ६५ पिस र डिजिटल काटा १ थान | २,४५,२०४ | बुझाएको भरपाई पेश नभएको |
| | जम्मा रु. | ५,७६,६८७.०० | |

| प्रमाण पेश नगरेको | ५,७६,६८७ |
|---|---|

३४ **सुत्केरी पोषण कार्यक्रम**

सुनवल नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रममा मृत्यु संस्कार खर्च र सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत सुत्केरी महिलाहरुलाई सुत्केरी पोषण खर्च उपलब्ध गराउने व्यवस्था गरेको छ ।सुत्केरी पोषण कार्यक्रम अन्तर्गत तोकिएको समयमा जन्म दर्ता गराई निवेदन मार्फत आवश्यक कागजात सहित माग गर्ने परिवारलाई प्रति शिशु रु.३,०००.०० का दरले पोषण भत्ता उपलब्ध गराउन यस वर्ष रु.१६,७४,०००.०० र मृत्यु संस्कार खर्च अन्तर्गत मृत्यु घटना दर्ता समयमै गराउने परिवारलाई आवश्यक प्रकृया पुर्याई माग गरेमा मृत्यु संस्कार खर्च वापत रु.५०००.०० का दरले उपलब्ध गराउने व्यवस्थामा रु.२६,८५,०००.०० खर्च भुक्तानी गरेको छ ।

३५ **निशुल्क खानेपानी सुबिधा**

सुनवल नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रममा नगरक्षेत्रका ५००० लीटरसम्म खानेपानी उपभोग गर्ने घरपरिवारका लागि निशुल्क खानेपानी सुविधा उपलब्ध गराउन महशुल छुट अनुदान कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ । जस अन्तर्गत निशुल्क खानेपानी उपलब्ध गराउन पालिकाले बिभिन्न छ वटा उपभोक्ता समूहहरुलाई वार्षिक रु.११,९६,७००।०० महशुल भुक्तानीमा खर्च गरेको छ ।

३६ **शैक्षिक दर्पण प्रकाशन खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं. ९४९।०८२।३।१९ बाट नगरपालिकाको शैक्षिक दर्पण लेखन, सम्पादन तथा तथ्याङ्क संकलन सहितका कार्य गरेको भनि देहायका कर्मचारीहरुलाई थप भत्ता भुक्तानी गरेकोमा लेखापरीक्षण

अवधिसम्म पनि उक्त कार्य सम्पन्न भएको नदेखिएकोले शैक्षिक दर्पण प्रकाशित भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गरी राजस्व दाखिला गर्नु पर्ने रु.

| नाम | कार्य | दर | दिन/पेज | खुद भुक्तानी |
|---|---|---|---|---|
| विष्णुप्रसाद गोतामे | तथ्याङ्क संकलन | १००० | २३ | १९५५० |
| पशुपति भट्टराई | तथ्याङ्क संकलन | १००० | १७ | १४४५० |
| सन्तोष पन्थी | तथ्याङ्क संकलन | १००० | ७ | ५९५० |
| रामप्रसाद ढकाल | तथ्याङ्क संकलन | १००० | १६ | १३६०० |
| विष्णुप्रसाद गोतामे | तथ्याङ्क विश्लेषण सम्पादन तथा लेखन समेत | २०० | ५२ | ८८४० |
| विष्णुप्रसाद गोतामे | शैक्षिक लेख | ३५०० | २ | ५९५० |
| | जम्मा रु. | | | ६८३२४.०० |

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६८,३४० |

३७ **खर्च मापदण्डको पालना**

अर्थ मन्त्रालयबाट जारी भएको कार्यसञ्चालन निर्देशिका, २०८१ दफा ४३(१५) संग सम्बन्धीत अनुसूचि ११ मा सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड सम्बन्धी व्यवस्था गरेको छ। सोही निर्देशिकाको दफा ४३(१५) सँग सम्बन्धीत अनुसूचि ११ को सि.नं. ३ मा ३० कार्य दिनसम्म आवधिक तालिम भएमा मुख्य प्रशिक्षकलाई न्यूनतम २ कक्षा लिनु पर्ने र सोको लागि प्रतिदिन रु.७००.०० को दरले भत्ता र ३० कार्य दिनभन्दा बढीको तालिमको हकमा मुख्य प्रशिक्षकलाई रु.१५,०००.०० र सहायक प्रशिक्षकलाई रु. १०,०००.०० मासिक भत्ता तोकेको छ । त्यस्तै नगरपालिकाको आन्तरिक कार्यसञ्चालन मापदण्ड, २०८० को बुदा नम्बर २ मा नगरपालिकाद्धारा सञ्चालन हुने सिप विकास तालिममा ७ दिन भन्दा बढीको सञ्चालन सम्बन्धि खर्चको मापदण्डमा ७ कार्य दिनसम्मको तालिम कक्षागत रुपमा र सो भन्दा बढीको ३० कार्य दिन सम्मको तालिममा प्रति दिन मुख्य प्रशिक्षकलाई रु.७००.०० र सहायक प्रक्षिकको रु.५००.०० भत्ता र कम्तिमा दैनिक २ कक्षा लिनुपर्ने र ३० कार्य दिनभन्दा बढीको तालिमको हकमा मुख्य प्रशिक्षकलाई रु.२५,०००.०० र सहायक प्रशिक्षकलाई रु. १८,०००.०० मासिक भत्ता तोकेको छ । लेखापरीक्षणमा छनौट गरिएका निम्न भौचर परीक्षण गर्दा पालिकाबाट सञ्चालन भएका देहाय बमोजिमका सिपमूलक तालिमहरुमा भत्ता भुक्तानी गर्दा पालिकाको मापदण्डमा व्यवस्था गरेकोभन्दा बढी दरले प्रशिक्षकको पारिश्रमिक भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धीतबाट असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु.

| गो. भौ . नं . | कार्यक्रमको नाम | प्रशिक्षक | कार्य दिन | भुक्तानी रकम | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| ५३२।०८२ | वडा नं ४ मा सिपमुलक सेनेटरी प्याड बनाउने तालिम | सावित्रा भुर्तेल | ५ | १८००० | ९००० | ७६५० |
| ५८२।०८२ | वडा नं ३ मा सेन्डल चप्पल बनाउने तालिम | सविता थापा कार्की | १५ | ४५००० | १८००० | २२९५० |
| ६७१।०८२ | वडा नं ७ महिलाहरुलाई आचार बनाउने तालिम | समिक्षा बलाल | ७ | १८००० | ८४०० | ४५९० |
| ७३३।०८२ | वडा नं ८ मा ब्युटिसियन तालिम | स.प्र.पूजा कडेल | ३० | २४००० | १५००० | ७६५० |
| | जम्मा रु. | | | | | ४२८४०.०० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४२,८४० |

### ३८ मूल्य अभिबृद्धि करमा दर्ता

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १९ (१) मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था छ। पालिकाले देहायका संस्था वा फर्मबाट समान वा सेवा खरिद गरी बिल भुक्तानी गरेकोमा उक्त संस्थाहरु मूल्य अभिबृद्धि करमा दर्ता नभएकोले कर विजक जारी गरेको देखिएन। अतः कार्यालयले तोकिएको सिमाभन्दा बढीको कारोबार गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएको फर्मसँग मात्र खरिद गर्नुपर्नेमा नियमको पालना भएको देखिएन।

| गो भौ नं | विवरण | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १००६।०८२।३।२३ | कार्यक्रम उत्पादन प्रशारण | सुनवल प्रेस क्लब | १०००००. |
| ९३७।०८२।३।१९ | विभिन्न सचेतनामूलक सन्देश सूचना प्रशारण | सामुदायिक रेडियो सुनवल ९०. ७ मे . ह . सुनवल १ | १०००००. |

### ३९ अनुगमन भत्ता

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

### ४० बैठक भत्ता

नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०८१ को बुदा नं. ४५ मा बैठक भत्ता सम्बन्धि मापदण्डको व्यवस्था गरेको छ। जसमा बैठक भत्ता प्रदान गर्ने आधारहरुमा बैठकको आवश्यकता औचित्य र उपयुक्तता लगायतका विषयवस्तु स्पष्ट भएको हुनुपर्ने,

बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनु पर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, कानून अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने तथा बैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्तिहरु राख्न नपाइने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा तीन जनासम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सकिने लगायतका आधारहरु उल्लेख गरेको छ। नमूना छनौटका आधारमा बैठक भत्ता भुक्तानीको माइन्युट परीक्षण गर्दा एउटै प्रकारका एजेण्डाका विषयमा पटक पटक बैठक वसेको, बैठकहरुमा आमन्त्रित सदस्य संख्या तोकिए भन्दा बढी संख्यामा राख्ने गरेको, कार्यालय समय भित्र बस्दा हुने बैठक पनि कार्यालय समय अघिपछि पारि बसेका लगायतका कैफिय व्यहोरा देखिएकोले विशिष्टिकृत सेवा आवश्यक नपर्ने र प्रशासनिक प्रकृयाबाट सम्पन्न गर्न सकिने प्रशासनिक प्रकृतिका बैठक लगायत कार्यको लागि खर्चको आवश्यकता, औचित्यता र उपयुक्तता समेतका आधारमा मितव्ययीता कायम हुने गरी खर्च व्यवस्थापन हुनु पर्दछ।

| गो.भौ.नं. | विवरण | बैठक संख्या | सदस्य संख्या | आमन्त्रित सदस्य | भत्ता खर्च |
|---|---|---|---|---|---|
| १०२।०८१।८।१७ | रसायनिक मल वितरण व्यवस्थापन बैठक | - | ३ | १६ | ६४००० |
| ६३७।०८२।२।७ | बोलपत्र मूल्याङ्कन समितिको बैठक | - | ५ | ९ | ९७००० |
| ८७२।०८२।३।१७ | आर्थिक विकास समितिको बैठक | ३२ | ५ | ९ | २५४००० |
| ८९८।०८२।३।१८ | राजस्व परामर्श समितिको बैठक | ११ | - | - | १८४००० |
| ९३८।०८२।३।१९ | बोलपत्र मूल्याङ्कन समितिको बैठक | १७ | ५ | ७ | १५५००० |
| ९०४।०८२।३।१८ | पशु शाखाको खरिद समितिको बैठक | १२ | ४ | १० | ९७००० |
| १०५९।०८२।३।२४ | पूर्बाधार विकास अनुगमन समितिको बैठक | १० | ४ | ९ | १३६२१० |
| ८३४।०८२।३।१६ | सामाजिक विकास समितिको बैठक | ७ | ४ | ७ | ७७००० |

४१ **गोरखा शहीद स्मारक पार्क**

सुनवल नगरपालिका कार्यालयको चलानी नं. ११४६ मिति २०७३।५।१७ मा शहिद स्मारक स्थापना गर्न संयूक्त सैनिक कल्याणकारी महासंघ नेपाललाई कानून बमोजिम प्रकृयाबाट निर्माण गर्न उपयुक्त देखिएको व्यहोरा सहित पत्राचार भएको र पुनः स्वीकृति माग गरेकोमा कार्यपालिकाको २०७५।४।२४ मा पुर्व मच्छरमारा जाने पक्की सडक, पश्चिम गरकट्टा पुल, उत्तर सहिद मार्ग र दक्षिण मन्दिर देखि उत्तरको करिब २ विगाहा जग्गामा पार्क निर्माणका लागि नेपाल सरकारसँग आवश्यक प्रकृया पुरा गरी जग्गा उपलब्ध गराउने सहमति प्रदान गर्ने निर्णय बमोजिम चलानी नं. ४८२ मिति २०७५।६।१८ बाट उक्त जग्गा नेपाल सरकारको प्रचलित नियमानुसार हुने गरी सहमति दिएको देखियो। उक्त जग्गामा संयुक्त भूतपुर्व सैनिक एवं प्रहरी कल्याणकारी महासंघ नेपालले पार्क निर्माण गर्न सिभिल कार्यको लागि विस्तृत परियोजना प्रतिवेदन अनुसार रु.१२,८९,५५,५४०.०० लागत लाग्ने अनुमान गरी कार्यापालिकाको २०८१।१०।२५ को निर्णयानुसार मास्टर प्लान स्वीकृत गरी उक्त स्थानमा मुख्य प्रवेशद्वार, गार्ड कोठा, वाल सहितको वाटो निर्माण, मुख्य स्मारक र दुई वटा ट्रस हल निर्माण गर्ने गरी कार्यान्वयनमा रहेको देखियो। आर्थिक वर्ष २०८१।८२ मा रु.४१,५३,१९६.०० को लागत अनुमान तयार गरी उपभोक्ता समितिबाट रु.४०,६१,५६४.०० को कार्यसम्पन्न गराई निम्नानुसार रु.३६,६२,५००.०० भुक्तानी भएको छ। साथै परियोजना प्रतिवेदनको कार्य गर्नको लागि आर्थिक वर्ष २०८२।८३ मा प्रदेश सशर्तबाट रु.१५ लाख बजेट प्राप्त गरेको अवस्था छ।

| क्र.सं. | नगरपालिका | स्रोत | बजेट | खर्च |
|---|---|---|---|---|
| १ | बुटवलउपमहानगरपालिका | आन्तरिक | ५०००० | ५०००० |
| २ | देवदह नगरपालिका | आन्तरिक | २००००० | ३१६२५०० |
| ३ | सुनवल नगरपालिका संघीय सशर्त | संघीय सशर्त | २५००००० | |
| ४ | सुनवल नगरपालिका आन्तरिक स्रोत | आन्तरिक | ५००००० | |
| | **जम्मा** | | ३७००००० | ३६६२५०० |

४२ **उपभोक्ता समितिको कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) अनुसार निर्माण कार्य सम्पन्न भए पश्चात सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्ने गरी सोही नियमावलीको नियम ९७(१) अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिवाट गराउन सकिने, बीस लाख रुपैयाँसम्म लागत अनुमान भएमा सिलबन्दी दरभाउपत्र र बीसलाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएमा नियम ३१ अनुसार खुल्ला बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने व्यवस्था छ। साथै बोलपत्र आव्हान गरी खरिद गर्दा सम्झौताको शर्तमा सम्झौता अनुसार सम्पन्न भएको कार्यमा एक वर्षभित्र कुनै त्रुटी देखिएमा सोसमेतको दायित्व वहन गर्नु पर्ने गरी कार्यसम्पादन जमानत लिई जिम्मेवार वनाउने व्यवस्था रहेको हुन्छ। पालिकाले उपभोक्ता समितिबाट सम्पादन गराएको केही निर्माण कार्य निम्नानुसार रहेको छ। बोलपत्र आव्हान गरी ठेक्का व्यवस्थापन गरी ३१ प्रतिशतसम्म घटीमा सम्झौता भई कार्यसम्पन्न भएकोमा र उपभोक्ता समितिबाट कार्यगराउदा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुमा बाहेक अन्यमा मूल्य अभिवृद्धि कर समावेश नगरेको, ओभरहेड समावेश नगरेको र सम्झौतामा निश्चित प्रतिशतसम्म जनश्रमदान समेत कट्टा गरेको तर निर्माण कार्य सम्पन्न भए पश्चात सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिदैन। नियममा भएको व्यवस्थाको पालना हुनु पर्दछ।

| क्र.सं. | आयोजना | स्रोत | बजेट | लागत अनुमान | सम्पन्न कार्य | भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | महाकविदेवकोटा महाविद्यालय पुस्तकालय भवन | संघीय सशर्त अनुदान | ५०००००० | ५९९१५४६ | ५९९४९५६ | ४८७५००० |
| २ | गोरखा शहीद स्मारक पार्क | संघीय सशर्त र अन्तर नगरपालिका | ३७००००० | ४१५३१९६ | ४१५४०६४ | २६६२५००. |
| ३ | छठीघाट निर्माण सुनवल नपा-३४नवलपरासी बर्दघाट सुस्ता पश्चिम | संघीय सशर्त अनुदान | १५००००० | १७०७०६३ | १८०४४८६ | १४६२५००. |
| ४ | सिमलटाँडी भित्री सडक इन्त्रब्लक ट्रस्ट निर्माण तथाखानेपानी पाईपलाईन विस्तार | नगरपालिका | २९२५००० | ३३३११६० | ३३६३१६० | २९२५००० |

४३ **कार्यक्रमको प्रगति**

आर्थिक वर्ष २०८१।०८२ मा प्रदेशबाट सञ्चालन गरिन स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु संचालन सम्बन्धी मार्गदर्शनमा उल्लेख भए बमोजिम पालिकाले सञ्चालन गरेका प्रमुख कार्यक्रम र उपलब्धि निम्न बमोजिमको रहेको छ।

| क्र.सं. | कार्यक्रम | बजेट | प्रगति (जना) | कैफियत |
|---|---|---|---|---|
| १ | एच.पी.भी. खोप अभियान | ३६९००० | ३२६९ | कक्षा ६- १० सम्म अध्ययनरत छात्रा र विद्यालय बाहिर रकेको १० - १४ वर्ष सम्मको किशोरीहरु |
| २ | पोषण कार्यक्रम (भिटामिन ए कार्यक्रम र जुकाको औषधि) | ५७६००० | १०२७ | ६- १० महिनाका बालबालिका |
| | | | ८३०९ | १२- ५९ महिनाका बालबालिका |
| | | | ८३०९ | १२- ५९ महिनाका बालबालिका |

४४ **दीर्घ रोगीको स्वास्थ्य उपचार**

मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा ३ कार्यविधि बमोजिम औषधि उपचार वापत खर्च पाउनका लागि राष्ट्रिय परिचयपत्र नम्बर वा नागरिकता प्रमाणपत्रको प्रतिलिपि, नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी, अनुसूची - १ बमोजिमको ढाँचामा चिकित्सकको सिफारिस सहित सम्बन्धीत स्थानिय तहको वडा कार्यालयमा अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष १२० जना मृगौला तथा क्यान्सर पिडितकालागी मासिक रु. ५०००.०० का दरले वार्षिक रु.३०,००,०००.०० खर्च निकासा गरेको छ । पालिकाले मृगौला तथा क्यान्सर पिडितका लागि उपचार खर्च प्रदान गर्नु पुर्व कार्यविधिले तोकेबकोजिमको कागजात संलग्न गरेको देखिदैन। पालिकाले आगामी दिनमा उपचार खर्च प्रदान गर्नु पुर्व कार्यविधि बमोजिम अनुसूची १ र २ अनिवार्य संलग्न गरेर मात्र अनुदान रकम निकासा गर्नुपर्दछ।

४५ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ अनुसार खरिदको आवश्यकता, विवरण, परिमाण र क्षेत्र, खरिद योजना, लागत अनुमान, खरिद प्रकृया लगायत बेहोरा सहित खरिद कारबाहीको तयारी गर्नु पर्ने व्यवस्था रहेको छ। त्यस्तै औषधिजन्य मालसामान, एक्सरे, इसिजी, रोगको निदान तथा उपचारको लागि प्रयोग हुने स्वास्थ्य सम्बन्धी उपकरण खरिद गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) अनुसार २५ लाख रुपैयाँसम्म सोझै खरिद, नियम ८४(१क) अनुसार पचास लाख रुपैयाँसम्म सिलवन्दी दरभाउपत्र र सो भन्दा बढी भएमा नियम ३१ अनुसार बोलपत्र आह्वान गरी खरिद गर्न सकिने उल्लेख छ। पालिकाले चालु आर्थिक वर्ष २०८१।०८२ मा वर्षभरी आवश्यक हुने औषधि खरिदका लागि रु.१६,३९,०००.०० बजेट विनियोजन गरी रु.१५,८६,४३६.०० लागत अनुमान तयार गरी शिलबन्दी तथा सोझै खरिद विधि प्रयोग गरी निम्न फर्मसँग विभिन्न मितिमा रु.१५,१९,५०४.०० औषधि खरिद गरेको अवस्था रहेको छ । पालिकाले वर्षभरी आवश्यक औषधिको सही आँकलन गरी मितव्ययिता तथा प्रभावकारिता समेतलाई मध्यनजर गर्दै प्रतिस्पर्धात्मक विधिको प्रयोग सुनिश्चित हुने गरी खरिद कार्य गर्नुपर्दछ।

| क्र.सं. | विवरण | औषधि प्रकार | बजेट तथा लागत रकम रु. | - | - | खरिद विधि |
|---|---|---|---|---|---|---|
| १ | वार्षिक अनुमान | ८० | ७३०२१६० | - | - | - |
| २ | बजेट (संघिय सशर्त) | | १६३९००० | - | - | - |
| ३ | कार्यान्वयन | | लागत अनुमान | सम्झौता रु. | खर्च रु. | - |
| क | ३३।०८१।०९।११<br>औषधि- समुन्द्र मेडिको फर्मा | ७९ | १५८६४३६ | ७२५३९५.०८ | ६४१९६२ | शिलबन्दी दरभाउपत्र |
| ख | ८३।०८२।०१।१४ औषधि- राम लक्ष्मण फार्मेसी | ८१ | १०२००५७.४ | ५६४०५५.३२ | ४९९२३८ | शिलबन्दी दरभाउपत्र |
| ग | १०४।२०८२।०२।१८<br>समुद्र मेडिको फर्मा (थप) | २४ | - | - | ३७८३०४ | सोझै खरिद |
| | जम्मा | | | | १५,१९,५०४.०० | |

४६ **आमा सुरक्षा कार्यक्रम**

आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका, २०७८ को बुदा नं. १६ अनुसार आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम सञ्चालन गर्ने स्वास्थ्य संस्थाले प्रदान गरेको आमा सुरक्षा कार्यक्रमको अनुसूची १५ र नवजात शिशु कार्यक्रमको अनुसूची १६ वमोजिमको चेकलिष्ट प्रयोग गरी सम्बन्धित तहले मासिक रुपमा अनिवार्य अनुगमन तथा सुपरीवेक्षण गर्नुपर्ने उल्लेख छ। पालिकाको शहरी स्वास्थ्य केन्द्रमा सञ्चालित वर्थिङ्ग सेन्टरबाट पेश भएको आमा सुरक्षा इकाई मुल्य फाराम (अनुसूचि १०) बमोजिम ७४ जनाको सामान्य सुत्केरी गराएको विवरण अनुसार सुत्केरी यातायात खर्च प्रति व्यक्ति रु.१,०००.०० का दरले रु.७४,०००.००, प्रसुती गराए वापत संस्थागत शुल्क प्रति सुत्केरी रु.२,५००.०० का दरले जम्मा रु.१,८५,०००.०० र प्रोटोकल बमोजिम गर्भवती उत्प्रेरणा प्रोत्साहन प्राप्त गरेका ५६ जनालाई रु.८००.०० का दरले रु.४,४८००.०० समेत रु.३,०३,८००.०० सोधभर्ना भुक्तानी भएको देखियो। पालिकाले उल्लेखित खर्च मासिक रुपमा सोध भर्ना भुक्तानी गर्दा आमा सुरक्षा कार्यक्रम तर्फ अनुसूची १५ र नवजात शिशु कार्यक्रम तर्फ अनुसूची १६ वमोजिमको चेकलिष्ट प्रयोग गरी अनुगमन तथा सुपरीवेक्षण गरेको प्रमाण समावेश गरेको देखिएन। पालिकाले उल्लिखित खर्च भुक्तानी गर्दा निर्देशिका अनुसार आमा सुरक्षा कार्यक्रमको अनुसूची १५ वमोजिमको चेकलिष्ट प्रयोग गरी मासिक रुपमा अनिवार्य अनुगमन तथा सुपरीवेक्षण भएको प्रमाण समावेश गर्नु पर्दछ।

४७ **शिक्षक तथा विद्यार्थी अनुपात**

पालिका अन्तर्गतका निम्नानुसार ३३ वटा सामुदायिक विद्यालय र २ धार्मिक विद्यालयको शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्याको अनुपातको विवरण निम्नानुसार छ।

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | दरबन्दी तर्फ (स्थायी,करार, राहत,वाविके) | | | | | संघिय शिक्षण अनुदान | | जम्मा संघिय शिक्षक | नगर अनुदान | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | उ.मा.वि. | मा.वि. | नि.मा.वि. | प्रा.वि. | वाल विकास | मा.वि. | आ.तह | | उमावि | मा.वि. |
| १. | प्रगति माध्यमिक विद्यालय | ५१३ | | ३ | १ | ७ | १ | | | १२ | | १ |
| २. | वाकबाणी माध्यमिक विद्यालय | ५९० | २ | ३ | ४ | ७ | १ | | | १७ | | १ |
| ३. | जगन्नाथ माध्यमिक विद्यालय | १७११ | २ | ४ | ६ | ८ | १ | | | २१ | | ४ |
| ४. | भगवति माध्यमिक विद्यालय | ४४९ | | २ | २ | ९ | २ | १ | | १६ | | २ |
| ५. | जनजागृति आधारभुत विद्यालय | २३१ | | | २ | ६ | १ | | | ९ | | |
| ६. | बाबा बर्दगोरिया तूल्सीराम गूरुकूलम् | १९ | | | | | ० | | | ० | | |
| ७. | लूम्बिनी समता महिला विद्यालय | १७८ | | | १ | १ | | | | २ | | |
| ८. | बनदेवी आधारभुत विद्यालय | १८२ | | | | ४ | १ | | | ५ | | |
| ९. | जनसेवा माध्यमिक विद्यालय | ८०२ | ४ | ६ | ४ | ८ | १ | १ | | २४ | | १ |
| १०. | महाकवि | १७०७ | १ | ४ | ८ | १३ | २ | | | २८ | १ | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | देवकोटा माध्यमिक विद्यालय | | | | | | | | | | | |
| ११. | अरनिको माध्यमिक विद्यालय | ५२५ | | १ | २ | ८ | १ | २ | | १४ | | २ |
| १२. | सरस्वती आधारभुत विद्यालय | ४९ | | | | | १ | | | १ | | |
| १३. | बाल्मिकी आधारभुत विद्यालय | ६९ | | | | १ | १ | | | २ | | |
| १४. | सार्वजनिक आधारभुत विद्यालय | १६६ | | | | ५ | १ | | | ६ | | |
| १५. | ज्योति माध्यमिक विद्यालय | १४५२ | २ | ५ | ४ | ८ | १ | | | २० | | १ |
| १६. | रमवापूर माध्यमिक विद्यालय | ७९६ | १ | १ | २ | ९ | २ | २ | | १७ | | २ |
| १७. | धान्यचल महायज्ञ माध्यमिक विद्यालय | ६३४ | | ३ | ४ | ६ | २ | | | १५ | १ | १ |
| १८. | विरेन्द्र आधारभुत विद्यालय | १४७ | | | | ३ | १ | | १ | ५ | | |
| १९. | चन्द्रज्योती आधारभुत विद्यालय | ८५ | | | | ४ | २ | | | ६ | | |
| २०. | नवदूर्गा आधारभुत विद्यालय | २५१ | | | | ५ | १ | | | ६ | | |
| | | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २१. | जनता आधारभुत विद्यालय | २७२ | | | १ | ५ | १ | | १ | ८ | | |
| २२ | महलपोखरी आधारभुत विद्यालय | ७ | | | | | १ | | | १ | | |
| २३. | लूम्बिनी माध्यमिक विद्यालय | १०२७ | १ | १ | १ | १० | २ | ३ | १ | १९ | १ | |
| २४. | जयश्री आधारभुत विद्यालय | १८ | | | | | १ | | | १ | | |
| २५. | अमरज्योति आधारभुत विद्यालय | १०० | | | | ३ | १ | | | ४ | | |
| २६. | बावा वर्दगोरीया आधारभुत विद्यालय | १०९ | | | | ३ | १ | | | ४ | | |
| २७. | जयदूर्गे आधारभुत विद्यालय | १३९ | | | | ३ | १ | | | ४ | | |
| २८. | पञ्चरत्न आधारभुत विद्यालय | ९९ | | | | ३ | १ | | | ४ | | |
| २९. | सूनवल माध्यमिक विद्यालय | ३६५ | | १ | | ६ | २ | २ | १ | १२ | | |
| ३०. | जनज्योति आधारभुत विद्यालय | १५७ | | | १ | ३ | १ | | | ५ | | |
| ३१. | जनज्योती आधारभुत विद्यालय | ५२ | | | | | १ | | | १ | | |
| | | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३२. | निशानीदेवी आधारभुत विद्यालय | १८ | | | | | १ | | | १ | | |
| ३३. | मदरसा अरबिया अहले सून्नत फैजर रसूल | ७० | | | | | ० | | | ० | | |
| ३४. | जनशान्ति आधारभुत विद्यालय | ४१ | | | | १ | १ | | | २ | | |
| ३५. | गैडाखाल आधारभुत विद्यालय | २०१ | | | | ३ | २ | | | ५ | | |
| जम्मा | | १३२३१ | १३ | ३४ | ४३ | १५२ | ४० | ११ | ४ | २९७ | ३ | १७ |

शिक्षा नियमावली, २०५९ नियम ७७ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमशः पचास, पैंतालीस र चालीस हुनु पर्ने र नियम ९२ अनुसार अनुसूची १२ मा उल्लेख भए बमोजिम विद्यालयमा शिक्षक दरबन्दी रहने उल्लेख छ। त्यस्तै नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट २०७६।०५।०४ मा स्वीकृत शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुदा नं. २० अनुसार कार्यविधिमा उल्लेख भएको आधार र तरिका अनुसार हुने गरी जनसांख्यिक संरचना परिवर्तन भएको कारण स्वीकृत मापदण्ड अनुसार शिक्षक विद्यार्थी अनुपात थपघट हुन गई दरबन्दी मिलान तथा पुनर्वितरण गर्न आवश्यक देखिएमा आवधिक दरबन्दी मिलान सम्बन्धी व्यवस्था गरेको देखियो। पालिकाबाट प्राप्त सामुदायिक विद्यालयका शिक्षक दरबन्दी तथा विद्यार्थी संख्याको अनुपात विश्लेषण गर्दा ३५ विद्यालयमा १३२३१ विद्यार्थी अध्ययनरत रहेकोमा संघिय दरबन्दी/करार/अनुदान शिक्षक संख्या २९७ र पालिकाबाट नियुक्त शिक्षक १०७ र पिसिएफका ८५ गरी पालिकाभित्र कुल ४८९ शिक्षक कार्यरत रही समग्रमा शिक्षक विद्यार्थी अनुपात १:२७ अर्थात १ जना शिक्षकले २७ जना विद्यार्थीहरुलाई व्यवस्थापन गरेको अवस्था छ। पालिकाका अधिकांश विद्यालयहरुमा विद्यार्थी संख्या तोकिएको मापदण्ड भन्दा कम रहेको देखिएकोले दरबन्दी मिलान तथा पुनर्वितरण गरेको देखिदैन। शिक्षक विद्यार्थी अनुपात नियमावलीमा तोके अनुसार भए नभएको सम्बन्धमा शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम शिक्षकको समानुपातिक वितरण मार्फत विद्यालयमा दरबन्दी मिलान तथा पुनर्वितरण गरी उचित अनुपात कायम हुनुपर्छ।

४८ **शिक्षकको तलब भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **५८,६८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४९ **विद्यालय अनुदान**

स्थानीय तहले एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS ) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयको कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा सामुदायिक विद्यालयहरुलाई निर्देशिका बमोजिमको अनुदान निकासा दिनुपर्ने व्यवस्था छ। पालिकाले अनुदान निकासा भुक्तानी गर्दा एकीकृत शैक्षिक व्यवस्थापन

सूचना प्रणाली (IEMIS) मा प्रविष्ट विद्यार्थी तथ्याङ्कलाई आधार मानेता पनि कतिपय विद्यालयको विद्यार्थी संख्या IEMIS को तथ्याङ्कसँग मेल नखाएको देखिन्छ। तसर्थ पालिकाले विद्यालयगत अनुदान निकासा पुर्व विद्यालयगत एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सत्यापन गरी प्रमाणित गरी राख्नुपर्दछ। आर्थिक वर्ष २०८१।०८२ मा पालिकाले प्रदान गरेको विद्यालयगत अनुदान देहाय बमोजिम रहेको छः

| क्र.सं. | विद्यार्थी संख्या | अनुदानको प्रकार | रकम |
|---|---|---|---|
| १ | ६८४४ | दिवा खाजा | १६,७४०,०४२ |
| २ | १०,४४८ | निःशुल्क पाठ्यपुस्तक | ७,४८२,४७७.९१ |
| ३ | २६४४ | प्रति विद्यार्थी इकाई लागतका आधारमा प्रारम्भिक वालविकास/पुर्व प्राथमिक कक्षाका लागि अनुदान (ECD अनुदान रु.५०० का दरले ) | १३२२००० |
| | ७९५ | कक्षा १ (रु. १०० का दरले ) | ७९,५०० |
| ५ | ४२०० | कक्षा १ – ५ (रु. १५० का दरले ) | ६,३०,००० |
| ६ | २८६१ | कक्षा ६ – ८ (रु. २०० का दरले ) | ५,७२,२०० |
| ७ | १८६७ | कक्षा ९– १० (रु. २०० का दरले ) | ३,७३,४०० |
| ८ | १५२० | कक्षा ११– १२ (रु. २५० का दरले ) | ३८०००० |
| ९ | २४४० | गैरआवासीय छात्रवृत्ति | ९७६००० |
| १० | २१६ | विपन्न लक्षित छात्रवृत्ति (कक्षा ५ र ८) | १२९६००० |

५० **नीतिगत व्यवस्था कार्यान्वयन**

क.सार्वजनिकरण

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षा देखि बाह्र कक्षासम्मका विद्यार्थी संख्या अनुसार ५०० जनासम्म, ५०० देखि ८०० जनासम्म र ८०० भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न सिट आरक्षण गर्नुपर्ने व्यवस्था छ। त्यस्तै शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरिव, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिकाले ऐन तथा नियमावली अनुसार निशुल्क शिक्षाकालागि संस्थागत विद्यालयहरुले आरक्षण उपलब्ध गराएको विवरण लेखापरीक्षणमा पेश भएको छैन। पालिकाले आफ्नो क्षेत्रका संस्थागत विद्यालयको अनुगमन गरी ऐन तथा नियमावलीको व्यवस्थाको कार्यान्वयन सुनिश्चितता, सोको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

ख. संस्थागत विद्यालय व्यवस्थापन र अनुगमन

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ज) मा पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत आधारभूत तथा माध्यमिक तहसम्मको विद्यालयको अभिलेख राख्ने, पालिकाको शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा नियमन गर्ने व्यवस्था छ। पालिकाले संस्थागत विद्यालयको व्यवस्थापन तथा अनुगमन सम्बन्धमा निश्चित मापदण्ड तयार गरी कार्यान्वयन गरेको नदेखिएकोले नियमानुसार मापदण्ड तयार गरी अनुगमन तथा सुपरिवेक्षण प्रभावकारी रुपमा गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ।

ग. शिक्षक अभिलेख व्यवस्थापन

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) मा पालिकाले आफ्नो क्षेत्रभित्र संचालनमा रहेका सामुदायिक तथा निजी आधारभूत तथा माध्यमिक तह सम्मको विद्यालयको अभिलेख राख्ने, मूल्यांकन तथा नियमन गर्ने व्यवस्था छ। पालिकाले शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन, अनुगमन तथा मुल्यांकन गर्नपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्र संचालित संघीय, प्रदेश अनुदान तथा आन्तरिक स्रोतबाट तलब भत्ता खाने, बैकल्पिक शिक्षा सिकाई केन्द्र, सामुदायिक बालविकास केन्द्र तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको नियुक्ति, अवकाश, सरुवा, बिदा तथा राजिनामा सम्बन्धी विवरण प्रमाणित गरी अभिलेख राख्नुपर्नेमा सो राखेको छैन। लेखापरीक्षणको क्रममा माग गरिएका मध्ये केहि शिक्षकहरुको अभिलेख प्राप्त भएतापनि सबैको व्यक्तिगत अभिलेख पूर्ण रुपमा राखेको नदेखिएकोले उपरोक्त अनुसारको अभिलेख अद्यावधिक तथा प्रमाणित गरी राख्नुपर्दछ।

घ. शैक्षिक गुणस्तर

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानिय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार गर्ने, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण गर्ने, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेणा अभिवृद्धि गर्ने, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन गर्ने, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार गर्ने, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार गर्ने जस्ता कुराहरुलाई समेटी शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कार्य गरेको देखिएन। विद्यालयको शैक्षिक गुणस्तर सुधार हुने गरी शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नु पर्दछ।

## ५१ विद्यार्थी निर्वाह खर्च

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.५० मा व्यवहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागि प्रति विद्यार्थी रु.१५०००.०० का दरले अनुदान निकासा गर्नुपर्ने व्यवस्था रहेको छ। साथै कक्षा १० पछि ३ महिना, कक्षा ११ पछि ३ महिना र कक्षा १२ पछि ६ महिना व्यवहारिक अभ्यास गराउने र सो बापत प्रति महिना रु.१०००.०० का दरले रकम सम्बन्धित विद्यार्थीको बैक खातामा उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ। पालिकाले गो.भौ नं. ३२।२०८१।०९।०७ बाट कक्षा ९ को ३३, कक्षा १० को १६ जना, कक्षा ११ को ११ जना र कक्षा १२ को २३ जना गरी जम्मा ८३ विद्यार्थीको व्यवहारिक अभ्यास (OJT) बापतको रकम प्रति विद्यार्थी मासिक रु.१५,०००.०० का दरले रु.१२,४५,०००.०० सिभिल इन्जिनियरिङ अध्यापन हुने श्री जनसेवा माध्यमिक विद्यालयलाई खातामा निकासा भएको छ। विद्यालयले व्यवहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागि सम्बन्धित विद्यार्थीको बैंक खातामा उपलब्ध गराउनु पर्ने रकम विद्यार्थीलाई भरपाई गरी उपलब्ध गराएको छ। पालिकाले कार्यविधि बमोजिम व्यवहारिक अभ्यासमा सहभागी हुने विद्यार्थीले पाउने विद्यार्थी निर्वाह खर्च सम्बन्धित विद्यार्थीको बैक खाता मार्फत हुने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

पालिकाले जनसेवा माध्यमिक विद्यालयलाई सिकाइ सामग्री तथा डिजीटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयको नाममा निकासा भएको रु.१२,४५,०००.०० को खर्च विवरण देहायबमोजिम रहेको छ।

| क्र.सं. | विवरण | खर्च रकम (रु.) |
|---|---|---|
| १ | सामग्री, निर्माण र अन्य | ३८३४१५.९ |
| २ | विद्यार्थी निर्वाह खर्च | २०५००० |
| ३ | ल्याब असिस्टेन्ट | ४२३४३६ |
| ४ | इन्धन | ५४३५५६ |
| | जम्मा | १५५५४०८ |

कार्यक्रम कार्यन्वयन कार्यविधि बमोजिम यस शिर्षकमा प्राप्त भएको रकम १ जना ल्याब असिष्टेन्टको १३ महिनाको पारिश्रमिक, विद्यार्थी निर्वाह खर्च, अन्तरिक र वाह्य अनुगमन लगायतका क्रियाकलापमा खर्च गर्न सकिने व्यवस्था रहेको छ। विद्यालयले लेखापरीक्षणको क्रममा बुझाएको खर्च विवरणमा विद्यालयले इन्धन logbook पेश नगरी इन्धनमा रु. ५,४३,५५६।०० खर्च भएको देखिएको छ। पालिकाले विद्यालयलाई प्रदान गरेको अनुदान सदुपयोग सुनिश्चतका लागि निरन्तर अनुगमन गरी प्रतिवेदन गर्नु पर्दछ।

## ५२ दिवा खाजा कार्यक्रम

कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ (छ) अनुसार दिवा खाजाका लागि विद्यालयलाई अनुदान शिर्षकमा संघीय सरकारबाट सशर्त अनुदानका रुपमा वित्तीय हस्तान्तरण गर्दा राष्ट्रियस्तरमा देखिने अनुपस्थिति दर, विद्यालय छाड्ने दर लगायतलाई आधार मानी औसतरुपमा प्रति विद्यार्थी वार्षिक रुपमा १८० दिनका लागि प्रति विद्यार्थी रु.१५.०० दरले उपलब्ध भएसम्म स्थानीय उत्पादन समेतमा आधारित दिवा खाजा व्यवस्थापनका लागि सामुदायिक विद्यालयका प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका सबै विद्यालयका लागि बजेट हिसाब भएको उल्लेख छ। पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा पालिकामा सञ्चालित ३५ सामुदायिक विद्यालयका बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीका लागि संघिय सशर्तबाट दिवा खाजा वापत प्रति विद्यार्थी रु.१५.०० का दरले वार्षिक रु. १६,१५८,१४७.०० निकासा गरेको छ।

आर्थिक वर्ष २०८१।८२ मा पालिकाले शैक्षिक क्यालेन्डर प्रकाशन नगरेको र निम्न विद्यालयलाई संघबाट प्राप्त भएको १८० दिनको बजेट भन्दा २० दिनसम्म बढी दिनको लागि संघिय सशर्तबाट रु.१५.०० दरले रु. १६,१५८,१४७.०० निकासा अनुदान उपलब्ध गराएको देखियो। कार्यविधिमा उल्लेख भन्दा बढी अवधिको लागि दिवा खाजा निकासा गरिएकाले नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | विद्यालयको नाम | विद्यालय सञ्चालन दिन | औषत १८० भन्दा बढी दिन | इमिस अनुसार विद्यार्थी सङ्ख्या | जम्मा निकासा रकम | बढी निकासा रकम |
|---|---|---|---|---|---|---|
| १ | प्रगति माध्यमिक विद्यालय | १८१ | १ | ३०१ | ६९६८१० | ४५१५ |
| २ | वाकबाणी माध्यमिक विद्यालय | १८१ | १ | १७५ | ४४४२१० | २६२५ |
| ३ | जगन्नाथ माध्यमिक विद्यालय | १९७ | १७ | ६३४ | १४०९०४० | १६१६७० |
| ४ | भगवति माध्यमिक विद्यालय | १९४ | १४ | २४६ | ६२५९३५ | ५१६६० |
| ५ | जनजागृति आधारभुत विद्यालय | १८५ | ५ | १७४ | ४२०९१५ | १३०५० |
| ६ | बनदेवी आधारभुत विद्यालय | १८९ | ९ | १८२ | ४५५०१० | २४५७० |
| ७ | जनसेवा माध्यमिक विद्यालय | १८३ | ३ | ३७३ | ८६४०६० | १६७८५ |
| ८ | महाकवि देवकोटा माध्यमिक विद्यालय | १९७ | १७ | ६५१ | १५४८३६० | १६६००५ |
| ९ | अरनिको माध्यमिक विद्यालय | १८५ | ५ | २५४ | ५८२३९० | १९०५० |
| १० | सरस्वती आधारभुत विद्यालय | १८० | ० | ४९ | ७१३३० | ० |
| ११ | बाल्मिकी आधारभुत विद्यालय | १९३ | १३ | ६९ | २००७६० | १३४५५ |
| १२ | सार्वजनिक आधारभुत विद्यालय | १९८ | १८ | १२३ | ३०००९० | ३३२१० |
| १३ | रमवापूर माध्यमिक विद्यालय | २०० | २० | ३७४ | ११४५१५५ | ११२२०० |
| १४ | धान्यचल महायज्ञ माध्यमिक विद्यालय | १९३ | १३ | ३३६ | ७७८९६५ | ६५५२० |
| १५ | विरेन्द्र आधारभुत विद्यालय | १८४ | ४ | १०९ | २६६४३० | ६५४० |
| १६ | नवदूर्गा आधारभुत विद्यालय | १८८ | ८ | २०५ | ५३१८२५ | २४६०० |
| १७ | महलपोखरी आधारभुत विद्यालय | १९२ | १२ | ९ | २१८२५ | १६२० |
| १८ | लूम्बिनी माध्यमिक विद्यालय | १८९ | ९ | ४६९ | ११५७६८५ | ६३३१५ |
| १९ | बावा वर्दगोरीया आधारभुत | १८२ | २ | ११२ | ३२०४०० | ३३६० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विद्यालय | | | | | |
| २० | जयदूर्गे आधारभुत विद्यालय | १९० | १० | १३९ | ३७७७५५ | २०८५० |
| २१ | पञ्चरत्न आधारभुत विद्यालय | १८९ | ९ | ९९ | २४७८१५ | १३३६५ |
| २२ | सूनवल माध्यमिक विद्यालय | १९० | १० | २३४ | ६०५७७५ | ३५१०० |
| २३ | जनज्योति आधारभुत विद्यालय | १९४ | १४ | १३४ | ३६२८३५ | २८१४० |
| २४ | जनज्योती आधारभुत विद्यालय | १८४ | ४ | ५२ | १३४१६० | ३१२० |
| २५ | मदरसा अरबिया अहले सून्नत फैजर रसूल | | १३ | ७७ | १९२९५५ | १५०१५ |
| २६ | गैडाखाल आधारभुत विद्यालय | १९३ | १३ | १५६ | ३६३१२० | ३०४२० |
| | जम्मा | | | ५७३६ | १४१२५६१० | ९२९७६० |

| | |
|---|---|
| अनियमित भएको | ९,२९,७६० |

### ५३ पाठ्यपुस्तकमा बढी निकासा

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **४७,३८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५४,५५९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **२२४,५२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१०,२०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

### ५४ पाठ्यपुस्तक वितरणको अनुगमन

पालिकाले एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कको आधारमा पहिलो पटक ७५ प्रतिशत र बाँकी २५ प्रतिशत समेत गरी जम्मा रु.७,४८२,४७७.९१ रकम पाठ्यपुस्तक वापत सोधभर्ना भूक्तानी भएको पाईयो । यसरी सत्यापन नभएको अवस्थामा विद्यार्थी संख्या एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS ) मा प्रविष्ट तथ्याङ्क बराबरकै विद्यार्थि कक्षामा उपस्थित रहेको विषयमा सुनिश्चित हुने आधार प्रमाण पेश हुन आएन । पालिकाबाट निकासा भएको सबै रकम विद्यालयहरुले पाठ्यपुस्तकमा खर्च गरी सबै विद्यार्थीले समयमै पाठ्यपुस्तक पाए नपाएको यकिन गरी अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ ।

### ५५ व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान

कार्यक्रम कार्यान्वियन कार्यविधि बमोजिम नमुना विद्यालयको रुपमा छनौट भएको श्री महाकवि देवकोटा माध्यमिक विद्यालयलाई नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियन अनुदान भुक्तानी सम्वन्धमा देखिएका बेहोरा निम्नानुसार रहेका छन्ः

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार रु. १० लाख भन्दा बढीको खरिद गर्दा खरिदको विवरण, सम्भावित प्याकेज, खरिदको समय तालिका, खरिद विधि, सम्झौताको किसिम लगायत खुलाई वार्षिक खरिद योजना तयार गर्नु पर्ने उल्लेख छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार स्वीकृत कार्यक्रम तथा खरिद योजना अनुसार मालसामान वा निर्माण कार्यको लागत अनुमान रु. १० लाखसम्म भएमा निमय ८५ अनुसार सोझै खरिद, बीस लाख रुपैयाँसम्म लागत अनुमान भएमा नियम ८४ अनुसार सिलबन्दी दरभाउपत्र र बीसलाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको खरिद गर्नु पर्दा नियम ३१ अनुसार खुल्ला बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने व्यवस्था छ। साथै कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ को उपक्रियाकलाप नं ९.५ मा दोहोरो नपर्नेगरी छात्रवृत्ति, विज्ञान विषय पठनपाठनको लागि शिक्षक व्यवस्थापन, प्रयोगशाला सञ्चालन लगायतका क्रियाकलाप सञ्चालनका लागि १००१ देखि २५०० सम्म विद्यार्थी संख्या भएको विद्यालयलाई रु.४५ लाख अनुदान उपलब्ध गराई सोको अनुगमन समेत स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईबाट हुनु पर्ने व्यवस्था रहेको छ। आर्थिक वर्ष २०८१।८२ मा स्वीकृत गुरुयोजना अनुरुप खर्च गर्ने गरी श्री महाकवि देवकोटा माध्यामिक विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गर्न गोश्वारा भौचर नं. १५६।०८२।३।२३ (संघिय सशर्त) बाट रु.४५ लाख अनुदान उपलब्ध गराएको देखियो। विद्यालयले अनुदानबाट निम्नानुसार सोझै खरिद विधिबाट विद्यालय सामाग्री खरिद गरेको विल भरपाई पेश गरेकोमा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार उस्तै प्रकृतिको सामान खरिद गर्दा प्रतिस्पर्धात्मक खरिद विधि अबलम्बन हुने गरी प्याकेज सहितको वार्षिक खरिद योजना तयार गरी कार्यान्वियन नगरेको र कार्यक्रम कार्यान्वियन कार्यविधि अनुसार खरिद भएको सामानको प्रभावकारी उपयोग भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गरेको देखिएन। सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार प्रतिस्पर्धात्मक र मितव्ययी हुने गरी प्याकेज तयार गरी खरिद गर्ने र उपलब्ध गराएको अनुदानको कार्यान्वियन तथा उपयोग सम्वन्धमा स्थानीय तहले अनुगमन समेत गर्नु पर्दछ।

| क्र.सं. | विक्रेता | विवरण | खर्च रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | डिजिटल सप्लायर्स | फोटोकपि मेसिन | १२२००० | सोझै खरिद |
| २ | फ्रोफाउण्ड आईटी आपूर्तिकर्ता | डेल डेस्कटप तथा मनिटर | ७१९००० | |
| ३ | ग्याजेट मार्ट प्रा.लि. | इन्ट्राक्टिभ बोर्ड | ८७०००० | |
| ४ | सुलभ ग्रुप मेटल उद्योग | एच.डि.एच.एम.आर. बोर्ड | ९८४००० | |
| ५ | दाजु भाई ट्रेड्स | इलेक्ट्रिक वायरिङ्ग | ३९६८५६ | |
| ६ | डायमण्ड ट्रेडर्स | राउण्ड ब्याङ्केट कुर्ची | १६५९०० | |
| ७ | डायमण्ड ट्रेडर्स | स्क्वायर अफिस मिटिङ्ग टेबल | ३७८००० | |
| ८ | बिटा साइन्स ग्यालरी | ल्याब सामान | १९३९६४.५ | |
| ९ | न्यू रुपन्देही बुक्स एण्ड स्टेशनरी | किताब | २८५३४० | |
| | | जम्मा | ४११५०६० | |

## ५६ मापदण्ड भन्दा बढी भुक्तानी

नेपाल सरकार, अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०८१ को दफा ४३ को (१५) सँग सम्बन्धित अनुसूची ११ मा तालिम केन्द्र बाहेक अन्य निकाय (नगरपालिका) बाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति/ प्रशिक्षकको पारिश्रमिक कार्यपत्र वापत रु.१०००.०० र कक्षा सञ्चालन वापत रु.६००.०० हुने र सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोहि कार्यालयको स्रोत व्यति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापत भत्ता पाउने उल्लेख छ । पालिकाले संघीय

सशर्त तर्फ गोश्वारा भौचर नं. ८२।०८२।१।१० बाट शिक्षा उपसचिव विष्णु प्रसाद गोतामेलाई रु. ८ लाख पेश्की उपलव्ध गराई गोश्वारा भौचर १५९ र १६६।०८२।३।३२ बाट रु.१,५०,०००.०० सोधभर्ना तथा रु. ८ लाख पेश्की फर्स्यौट गरेकोमा पालिकाको शिक्षा शाखाले सञ्चालन गरेको निम्नानुसार तालिममा पालिकाकै कर्मचारी संलग्न भएको अवस्थामा कार्यपत्र वापत रु.१०००.०० का दरले भुक्तानी हुनु पर्नेमा निम्नलिखित कर्मचारीलाई प्रशिक्षण वापत रु. २७००.०० को दरले भुक्तानी गरेको देखियो। कार्यविधिमा उल्लेख भएको भन्दा प्रति कक्षा रु. १७००.०० को दरले बढी भूक्तानी भएको रकम असुल हुनु पर्ने रु.

| कार्यक्रम | प्रशिक्षक | कार्यपत्र वापत प्रतिकक्षा भूक्तानी हुनुपर्ने रु. | प्रशिक्षण वापत प्रतिकक्षा भूक्तानी गरेको रु. | कक्षा | बढी भुक्तानी प्रति सेसन(रु.) | बढी भुक्तानी रु |
|---|---|---|---|---|---|---|
| विद्यालयका शिक्षकहरुको २ दिने आइ. सि.टी. | सुवास गौतम | १००० | २७०० | १ | १७०० | १७०० |
| स्वास्थ्य तथा शारीरिक शिक्षा अध्यापन गराउने शिक्षकहरको तालिम | राम चन्द्र पौडेल | १००० | २७०० | २ | १७०० | ३४०० |
| | पशुपति भट्टराई | १००० | २७०० | २ | १७०० | ३४०० |
| सामाजिक विषय शिक्षक शिक्षण विषयगत तालिम | दामोदर पाण्डे | १००० | २७०० | १ | १७०० | १७०० |
| | शारदा पाण्डे | १००० | २७०० | २ | १७०० | ३४०० |
| | ध्रुवराज घिमिरे | १००० | २७०० | २ | १७०० | ३४०० |
| जम्मा | | | | | | १७०००। |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,००० |

५७ **आइसिटी अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.१३ को ९.४ मा पुस्तकालय, पुस्तकालय तथा ICT को सुविधा नभएका विद्यालय, विद्यार्थी संख्या उच्च रहेको विद्यालय, विद्यालयमा कम्प्युटर विषय अध्ययन गर्ने विद्यालय र आवश्यक कक्षाकोठा रहेका विद्यालय मध्ये एक पटक अनुदान प्राप्त गरी सकेको सुनिश्चत गरी कक्षा १ देखि ८ सम्म सञ्चालित विद्यालयलाई अनुदान उपलब्ध गराउने व्यवस्था रहेकोमा आर्थिक वर्ष २०८१।०८२ का लागि पालिकाले देहायका विद्यालयलाई विद्यालयमा पुस्तकालय, प्रयोगशाला तथा ICT व्यवस्थापन अनुदान उपलब्ध गराएको छ।

| क्र.सं. | विद्यालयको नाम | अनुदान रकम (रु) |
|---|---|---|
| १ | श्री अरनिको मा. वि. | ६५०००० |
| २ | श्री लुम्बिनी आ. वि. | ६५०००० |
| ३ | श्री जनसेवा मा. वि. | ६५०००० |
| ४ | धान्यचल महायज्ञ माध्यमिक विद्यालय | ६५०००० |
| | जम्मा | २६,००,०००.०० |

५८ **छात्रबृत्तीमा बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,८३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१२,८००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **५,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

### ५९ **विद्यालयहरुको नक्साकन तथा भौतिक सर्भेक्षण**

कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.३०२ को उपक्रियाकलाप नं. १५.६(क) मा विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० अनुसार गठन भएको स्थानीय पूर्वाधार समितीको नेतृत्वमा विद्यालय सर्वेक्षण एवम नक्साङकन सम्बन्धी कार्य गर्ने उल्लेख रहेको छ। त्यसतै विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० को दफा ६ मा आफ्नो स्थानीय तह भित्रका विद्यालयहरुको भौतिक एवम् प्राविधिक पक्षको अध्ययन अनुगमन, विद्यालय निर्माण एवम् पुनःसर्बलीकरण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपत व्यवस्थापन तथा विपद जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा तथा वृहत विद्यालय सुरक्षा लगायतका कार्यका लागि स्थानीय पूर्वाधार हेर्ने समिती वा उपसमिती वा कार्यदलको संयोजकत्वमा योजना तथा कार्यक्रम, प्राविधिक (ईन्जिनियर), वातावरण क्षेत्र हेर्ने, लैङ्गिक समता एवम् समावेशीकरण हेर्ने अधिकृत, शिक्षा शाखा प्रमुख समेत रहने गरी स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति गठन गरी उक्त समिती मार्फत स्थानीय तह भित्रका विद्यालयको भौतिक अवस्थाको सर्वेक्षण, पुनरावलोकन विद्यालयको पूर्वाधार सम्बन्धी अनुगमन गर्ने व्यवस्था रहेको छ। पालिकाले संघीय सशर्त तर्फ गोश्वारा भौचर नं. ८२।०८२।१।१० बाट शिक्षा उपसचिव विष्णु प्रसाद गोतामेलाई रु. ८ लाख पेश्की उपलव्ध गराई गोश्वारा भौचर १५९ र १६६।०८२।३।३२ बाट रु.१,५०,०००.०० सोधभर्ना तथा रु. ८ लाख पेश्की फस्र्यौट गरेकोमा निम्नानुसार उपस्थिति जनाई सर्वेक्षण तथा अनुगमन प्रतिवेदन तयार गरी भत्ता भुक्तानी गरेको तर कार्यविधि तथा मापदण्ड अनुसार समिती गठन नगरेको र स्थलगत रुपमा विद्यालय सर्वेक्षण तथा अनुगमन गरेको खुल्ने कागजात संलग्न रहेको छैन। कार्यविधि तथा मापदण्ड अनुसार समिति गठन गरी शैक्षिक सत्र २०८१ को विद्यार्थी संख्याको आधारमा शैक्षिक सत्र २०८२ को लागि सामुदायिक तथा संस्थागत विद्यालय नक्साङ्कन तथा भौतिक सर्वेक्षणका लागि सघन अनुगमन तथा मूल्याङ्कन गरेको खुल्ने विस्तृत प्रमाण कागजात तथा प्रतिवेदन वेगर निम्नानुसार अनुगमन तथा मूल्याङ्कन भत्ता भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | नाम | कार्य | विद्यालय | दर | जम्मा |
|---|---|---|---|---|---|
| १ | शेषकान्त पौडेल | सर्वेक्षण तथा अनुगमन | ५ | १००० | ५००० |
| २ | विष्णुप्रसाद गोतामे | सर्वेक्षण तथा अनुगमन | ४० | १००० | ४०००० |
| ३ | पशुपति भट्टराई | सर्वेक्षण तथा अनुगमन | २५ | १००० | २५००० |
| ४ | वृहस्पति घिमिरे | सर्वेक्षण तथा अनुगमन | ५ | १००० | ५००० |
| ५ | सन्तोष पन्थी | सर्वेक्षण तथा अनुगमन | ५ | १००० | ५००० |
| ६ | रामप्रसाद ढकाल | सर्वेक्षण तथा अनुगमन | ८ | १००० | ८००० |
| ७ | विष्णुप्रसाद गोतामे | तथ्याङ्क विश्लेषण तथा मूल्याङ्कन प्रतिवेदन | ६० | २०० | १२००० |
| | | लेखन तथा खाना/ खाजा | | | |
| | | जम्मा रु. | | | १००,०००.०० |

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

## ६० खर्च पुष्ट्याइ हुने प्रमाण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानि दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भएको वा नभएको तथा संलग्न कागजात अनुसार भूक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले संघीय सशर्त तर्फ गोश्वारा भौचर नं. ८२।०८२।१।१० बाट शिक्षा उपसचिव विष्णु प्रसाद गोतामेलाई रु. ८ लाख पेश्की उपलव्ध गराई गोश्वारा भौचर १५९ र १६६। ०८२।३।३२ बाट रु.१,५०,०००.०० सोधभर्ना तथा रु. ८ लाख पेश्की फर्स्यौट गरेकोमा निम्नलिखित कार्यक्रमहरु वापत रु.२,१३,२००.०० खर्च भएको देखियो। लेखापरीक्षणको क्रममा कार्यक्रम कार्यान्वियन कार्यविधी, २०८१।८२ अनुसार कार्यक्रम सञ्चालन भएको, त्यसको अनुगमन तथा सुपरिवेक्षण र शैक्षिक स्थिती प्रतिवेदन पेश भएको देखिएन । कार्यक्रम सञ्चालन भएको खुल्ने कागजात, विल भरपाई तथा प्रमाण पेश गर्नु पर्ने अन्यथा सम्बन्धित कर्मचारीबाट असुल गर्नु पर्ने रु.

| क्र.सं. | कार्यक्रम | विवरण | संख्या | दिन | दर | खर्च रकम(रु.) |
|---|---|---|---|---|---|---|
| १ | अनुगमन तथा सुपरीवेक्षण | अनुगमन वापतको भत्ता | ७ | ५२ | १००० | ५२००० |
| | | खाजा | | १५१ | २०० | ३०२०० |
| | | यातायात | | १३ | ५००० | ६५००० |
| २ | शिक्षा क्षेत्र स्थिती प्रतिवेदन लेखन | खाजा, तथ्याङ्क संकलन | | ५० | १००० | ५०००० |
| | प्रतिवेदन निर्माण तथ्याङ्क विश्लेषण शीर्षक र पेज | | ८० पेज | | २०० | १६००० |
| | जम्मा रु. | | | | | २१३२०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१३,२०० |

## ६१ शिक्षण सिकाई सहयोग अनुदान

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को व्यवस्था अनुसार शिक्षण सिकाई सहयोग अनुदान वितरणको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेको छः

### ६१.१ शिक्षण सहयोग अनुदान

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.४१ अनुसार आधारभूत तह कक्षा (६-८) मा शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरबन्दी मिलानको प्रतिवेदन अनुरुप सामुदायिक विद्यालयको आधारभूत तह कक्षा (६-८)

का स्वीकृत बजेटको परिधिभित्र रही शून्य दरबन्दी भएका विद्यालयलाई न्यूनतम १ शिक्षक बराबरको अनुदान उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ। पालिकाले संघीय सशर्तबाट श्री जनता आधारभूत विद्यालयमा आधारभूत र श्री लुम्बिनी माध्यमिक विद्यालयमा आधारभूत तहमा १ राहत/स्थायी दरबन्दीका शिक्षक भएको अवस्थामा थप १ अनुदान शिक्षक नियुक्त गरी प्रति शिक्षक रु.४,६१,१३९.०० निकासा उपलब्ध गराएको देखियो। कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको भन्दा बढी शिक्षक नियुक्त गरी संघीय शसर्तबाट अनुदान भुक्तानी गरेको नियमसंगत नदेखिएको रु.

| क्र.स. | विद्यालयको नाम | स्थायी/ राहत दरबन्दी | तह | अनुदान शिक्षक संख्या | खर्च रकम (रु.) |
|---|---|---|---|---|---|
| १ | श्री जनता आधारभूत विद्यालय | १ | नि.मा.वि. | १ | ४६११३९ |
| २ | श्री लुम्बिनी माध्यमिक विद्यालय | १ | नि.मा.वि. | १ | ४६११३९ |
| | | | | जम्मा रु. | ९२२२७८।०० |

| अनियमित भएको | ९,२२,२७८ |
|---|---|

६१.२ **शिक्षण सहयोग अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.४० मा माध्यमिक तह कक्षा (९-१०) मा शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरबन्दी मिलानको प्रतिवेदन अनुरुप सामुदायिक विद्यालयको आधारभूत तह (९-१०) मा राहत अनुदान गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनका लागि स्वीकृत बजेटको परिधिभित्र रही शून्य दरबन्दी/राहत अनुदान कोटा भएका विद्यालयलाई न्यूनतम ३ ओटा, १ दरबन्दी/राहत अनुदान भएकालाई २ ओटा र २ दरबन्दी/राहतअनुदान कोटा भएकालाई १ ओटा अनुदान उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ। पालिका अन्तर्गत माध्यमिक तहमा १ दरबन्दी/राहत कोटा रहेको लुम्बिनी माध्यामिक विद्यालय र सुनवल माध्यमिक विद्यालयले कार्यविधि बमोजिम २ अनुदान शिक्षक नियुक्त गर्न सक्ने व्यवस्था विपरीत विद्यालयले ३ अनुदान शिक्षक नियुक्त गरेको र उक्त नियुक्त शिक्षकहरुले अध्यापन गराउने विषय विज्ञान, गणित र अङग्रेजी हुनुपर्नेमा लुम्बिनी माध्यामिक विद्यालयले नियुक्त गरेको ३ अनुदान शिक्षक मध्ये २ जना शुशिल गुरुङ र पद्मा खरेल दुवै अङ्ग्रेजी विषयको लागि र श्री सुनवल माध्यामिक विद्यालयमा ३ अनुदान शिक्षकमध्ये २ किम्मि श्री श्रेष्ठ र डिम्पल राना अङ्ग्रेजी विषयका शिक्षकका रुपमा नियुक्त गरेको देखियो। कार्यक्रम कार्यान्वयन कार्यविधि भन्दा फरक हुने गरी बढी शिक्षक नियुक्त गरेको र एउटै विषयमा २/२ शिक्षक नियुक्त गरी वार्षिक तलब भत्तामा रु.११,५५,९१४.०० निकासा उपलब्ध गराएको नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | शिक्षक नाम | विषय |
|---|---|---|---|---|
| १ | श्री लुम्बिनी माध्यामिक विद्यालय | मा वि - १ | शुशिल गुरुङ | अग्रेजी |
| | | | पद्मा खरेल | अग्रेजी |
| २ | श्री सुनवल माध्यमिक विद्यालय | मा वि - १ | किम्मि श्री श्रेष्ठ | अग्रेजी |
| | | | डिम्पल राना | अग्रेजी |

| अनियमित भएको | ११,५५,९१४ |
|---|---|

६२ **कार्यक्रम कार्यान्वयन अवस्था**

पालिकाले संघीय सशर्त तर्फ गोश्वारा भौचर नं. ८२।०८२।१।१० बाट रु. ८ लाख पेश्की उपलब्ध गराई गोश्वारा भौचर १५९ र १६६।०८२।३।३२ बाट रु.१,५०,०००.०० सोधभर्ना तथा रु. ८ लाख पेश्की फर्स्यौट गरेकोमा निम्नानुसार कार्यक्रम असार महिनामा सञ्चालन भएको देखियो। वर्षको अन्त्यमा अर्थात असार महिनामा शैक्षिक क्षमता विकास कार्यक्रम तथा तालिम सञ्चालन गर्दा निरन्तरता तथा कार्यक्रमको प्रभावकारीता नहुन सक्ने र बजेट फ्रीज हुन नदिने अवस्था सृजना हुन जाने देखियो। तसर्थ पालिकाले वार्षिक कार्य योजना तयार गरी व्यवस्थित र प्रभावकारी रुपमा शैक्षिक तालिम तथा क्षमता विकास सम्बन्धि कार्यक्रम सञ्चालन गर्नु पर्दछ।

| कार्यक्रम | मिती | सहभागी | खर्च विवरण |
|---|---|---|---|
| आधारभूत तहका गणित विषयका शिक्षकहरुको क्षमता विकास सम्बन्धी तालिम | २०८२।०३।१७ | ३५ | ७३१९९ |
| निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी १ दिने तालिम कार्यशाला | २०८२।०३।०६ | २३ | ४०३५० |
| विद्यालय तहमा नेपाली शिक्षा तालिम | २०८२।०३।२२ | २७ | २९८५० |
| सामाजिक शिक्षा शिक्षण विषयको २दिने तालिम कार्यशाला | २०८२।०३।१५ र १६ | २९ | ७८८०० |
| ICT & EMIS सहजिकरण सम्बन्धी तालिम | २०८२।०३।११ र १२ | ३१ | १३१६५० |
| बालविकास सहयोगीका लागि २ दिने क्षमता विकास तालिम | २०८२।०३।०६ र ७ गते | १२१ | १७६२०० |
| शारिरीक तथा स्वास्थ्य शिक्षा शिक्षण सम्बन्ध तालिम | २०८२।०३।१३ र १४ गते | १९ | ६४८५० |
| जम्मा रु. | | | ५,९४,८९९.०० |

**६३ नगर शिक्षा योजना**

सामाजिक न्याय, दक्ष जनशक्ति सहितको समृद्ध सुनवलका लागि गुणस्तरीय शिक्षा र विशिष्ट पहिचान सहितको शैक्षिक प्रणाली उत्कृष्ट शैक्षिक गन्तव्य सहितको दुरदृष्टी र गुणस्तरीय शिक्षामा समावेशी पहुँचको सुनिश्चितता गर्दै ज्ञान, सीप र प्रविधि सहितको नैतिकवान मानव संसाधनको विकासद्धारा सुनवलको समृद्धि प्राप्त गर्ने लक्ष्य सहित आर्थिक वर्ष २०७८ देखि २०८८ सम्म सम्पन्न गर्ने गरी पालिकाले नगर शिक्षा योजना तय गरेको देखिन्छ। यसका प्रमुख उद्देश्यका रुपमा सामुदायिक विद्यालयमा आवश्यक सम्पूर्ण पूर्वाधारहरुको सुनिश्चितता गर्ने, सामुदायिक विद्यालयको गुणस्तर सुधारलाई अभियानको रुपमा सञ्चालन गरी उत्तरदायी शासकीय अभ्यासको प्रारुप विकास गर्दै कार्यसम्पादन सूचकको विकास गर्ने तथा सूचकमा आधारित कार्यसम्पादनलाई कार्यान्वयन गर्ने, प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकास मार्फत शिक्षालाई काम र जीवनसँग जोडदै सीपयूक्त स्वावलम्बी, सिर्जनशील, उत्पादनशिल रोजगारी उन्मुख बनाउने, १-१५ वर्षका विद्यालय बाहिर रहेको बालबालिकाको संख्या शुन्य बनाउदै कार्यमूलक साक्षरता, जीवनपर्यान्त सिकाइको अवसर विस्तार गर्ने लगायतका रहेका छन। पालिकाले विभिन्न लक्ष्य सहित तयार गरेको नगरशिक्षा योजनाको कार्यान्वयनको अवस्था तथा प्रगति प्रतिवेदन लेखापरीक्षणको अवधिसम्म प्राप्त हुन सकेको छैन। पालिकाले तय गरेबमोजिम नगर शिक्षा योजना कार्यान्वयन रहेको अवस्थामा आर्थिक वर्ष २०८१।०८२ मा पालिकाबाट सञ्चालित कक्षा ८ र एसईई परीक्षाको नतिजा देहाय बमोजिमको रहेको देखिन्छ।

| क्र.स. | विद्यालयको नाम | कक्षा ८ (विद्यार्थी संख्या) | | | कक्षा १० (एस.ई.ई) (विद्यार्थी सँख्या) | | |
|---|---|---|---|---|---|---|---|
| | | परीक्षामा सहभागी | उत्तीर्ण | उत्तीर्ण प्रतिशत | परीक्षामा सहभागी | उत्तीर्ण | उत्तीर्ण प्रतिशत |
| १ | वाक्वाणी मा.वि. जर्गाहा | ४८ | ४८ | १००. | ५८ | ५८ | १०० |
| २ | धान्यान्ञचल माहायज्ञ मा.वि. | ४२ | ४२ | १००. | ६० | ५६ | ९३ |
| ३ | महाकवी देवकोटा मा.वि. | ११७ | ११५ | ९८.२९ | १३५ | ११९ | ८८ |
| ४ | भगवती मा.वि. सुनवल | ४१ | ४० | ९७.५६ | ३७ | ३२ | ८६ |
| ५ | रमवापुर मा.वि. सुनवल | १०५ | १०४ | ९९.०५ | ५१ | ४३ | ८४ |
| ६ | जगन्नाथ मा.वि. भुमही | १०५ | १०४ | ९९.०५ | १२३ | ९५ | ७७ |
| ७ | अरनिको मा.वि. सुनवल | ३६ | ३६ | १००. | २७ | २० | ७४ |
| ८ | लुम्बिनी मा.वि. सुनवल | १०७ | १०७ | १००. | ६७ | ४९ | ७३ |
| ९ | ज्योती मा.वि. असनैया | ८९ | ८९ | १००. | ११४ | ७९ | ६९ |
| १० | सोमनाथ बाबा मा.वि. सुनवल | - | - | - | २२ | १५ | ६८ |
| ११ | महाकवी देवकोटा मा.वि.(प्राविधिक धार तर्फ) | - | - | - | १५ | १० | ६७ |
| १२ | जनसेवा मा.वि. विसासय | १०५ | १०४ | ९९.०५ | ६६ | ४४ | ६७ |
| १३ | सुनवल मा.वि. सुनवल | २८ | २७ | ९६.४३ | २८ | १६ | ५७ |
| १४ | जनसेवा मा.वि. (प्राविधिक धार तर्फ) | - | - | - | १६ | ९ | ५६ |
| १५ | प्रगति मा.वि. स्वाठी | ५४ | ५४ | १००. | ३२ | १५ | ४७ |
| १६ | महाकवी देवकोटा मा.वि. (खुल्ला विद्यालय) | - | - | - | १० | ३ | ३० |
| | **जम्मा** | **८७७** | **८७०** | **९९** | **८६१** | **६६३** | **७७** |

पालिकाबाट प्राप्त विवरण अनुसार १२ माध्यमिक विद्यालयका कक्षा ८ र कक्षा १० को परिक्षाको नतिजा विश्लेषण गर्दा कक्षा ८ मा समिल्लित ८७७ विद्यार्थि मध्ये ८७० जना अर्थात ९९ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको छ। त्यसै कक्षा १० को परीक्षामा १२ विद्यालयको ८६१ जना विद्यार्थी सहभागी भई ६६३ जना अर्थात ७७ प्रतिशत विद्यार्थी मात्र उत्तीर्ण भएको देखिन्छ। माध्यामिक विद्यालय मध्ये ४ विद्यालयमा कक्षा ८ को परीक्षामा १०० प्रतिशत विद्यार्थी उत्तीर्ण भएको अवस्था छ भने एस.ई.ई. परीक्षामा सहभागी भएका १२ विद्यालयका विद्यार्थी मध्ये ७० प्रतिशत विद्यार्थी उत्तीर्ण भएको देखियो। आगामी दिनमा विद्यालय क्षेत्र तथा एसईई नतिजा सुदृढीकरणका लागि नेपाल सरकार, पालिका तथा नियामक निकायले विद्यालयहरुको प्रभावकारी अनुगमन गरी शैक्षिक गुणस्तर सुधार गर्नु पर्ने तथा पालिकाले नगर योजनाको सफल कार्यान्वनको सुनिश्चितता तर्फ ध्यान दिनुपर्दछ ।

६४ **लगत कट्टा पछि लाभग्राहिलाई भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **७,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **६,५२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४६,६७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **७,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **५,७३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३,३२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४,९३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१७,६६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१४,६६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१५,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१०,२६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **२,२६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **११,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३,४५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३५,७३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६५ **सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद २ मा लाभग्राहीको नाम दर्ता तथा नवीकरण, परिच्छेद ३ मा लाभग्राहीको अभिलेख, परिच्छेद ४ मा भत्ता रकमको भुक्तानी तथा परीक्षण, परिच्छेद ६ मा अनुगमन, निरीक्षण तथा प्रतिवेदन गर्नु पर्ने र परिच्छेद ७ अनुसारको प्रकृया अनुसार पारदर्शीता तथा जवाफदेहिता कायम गर्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा त्रैमासिक रुपमा वितरण गरेको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको सँख्या र खर्च अवस्था निम्नानुसार रहेको छ। पालिकाले सम्बन्धित लाभग्राहीले सहज रुपमा सामाजिक सुरक्षा प्राप्त गरेको र सोही

अनुसार खर्च भएको सुनिश्चितता हुने गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को पालनाको अनुगमन, निरीक्षण गरी सोको पारदर्शीता तथा जवाफदेहिता कायम भएको सुनिश्चितता हुनु पर्दछ।
सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही विवरणः

| त्रैमासिक | लाभग्राही संख्या | रकम |
|---|---|---|
| पहिलो | ७०७४ | ६८२०६४३७ |
| दोस्रो | ७१२२ | ६९२२८७३८ |
| तेस्रो | ७२८३ | ७००२७५१४ |
| चौथो | ७४२१ | ७०८६१८८५ |
| जम्मा | | २७८३२४५७४ |

६६ **कम्प्युटर तथा प्रिन्टर खरिद**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६७ **लुम्बिनी महिला समता विद्यालयको पूर्वाधार निर्माण**

लुम्बिनी महिला समता विद्यालय पूर्वाधार निर्माण गर्न प्रदेश विषेश स्रोतबाट रु.२० लाख बजेट विनियोजन भएकोमा पालिका र सुसित इन्जिनियरीङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि., बालाजु विच ढलानसम्मको कार्य गर्न २०८२।३।१५ सम्म निर्माण सम्पन्न गर्ने गरी २०८२।१। ७ मा रु. १६,८४,८०५.०० को निर्माण सम्झौता भई रु.१५,१९,०९८.०० को कार्य सम्पन्न गरेको देखियो। विनियोजन भएको बजेटबाट २ कोठे भवनको ढलान कार्यसम्म सम्पन्न भएको र भवन प्रयोग गर्न लाग्ने बाँकी कार्यको लागि आर्थिक वर्ष २०८२।८३ मा समेत प्रदेश तथा पालिकाबाट बजेट विनियोजन गरेको देखिएन। निर्माण कार्य सम्पन्न गर्न लाग्ने बजेट विनियोजन गरी भवनको प्रयोग हुन सक्ने सुनिश्चितता हुनु पर्दछ।



६८ **कभर्ड हल तथा रंगशाला निर्माण**

पालिकामा निर्माणको क्रममा रहेका कभर्डहल तथा रंगशाला निर्माण कार्यको अवस्था निम्नानुसार रहेकोमा आर्थिक वर्ष २०८१।८२ मा निर्माण सम्पन्न नभई अधुरो अवस्थामा रही खर्च भएको निर्माण संरचनाको अवस्था निम्नानुसार रहेको छ।

| क्र.सं. | स्थान | स्रोत | डि.पि.आर. अनुसार लागत | आर्थिक वर्ष | कार्यसम्पन्न लागत/ बजेट | खर्च | निर्माण कर्ता र कार्यको अवस्था | हालको अवस्था |
|---|---|---|---|---|---|---|---|---|
| १ | वडा नं. ३ | आन्तरिक स्रोत | ३३०७३०९६ | २०७९।८० | रु.६२५७१२१ | ५४८७१५५ | उपभोक्ता समितिबाट पिलिन्थ लेभलसम्मको कार्य | योजना अधुरो |
| २ | वडा नं. १२ | आन्तरिक स्रोत | ३२४७५३१२ | २०७७।७८ | रु.४२८४३७३ | | | योजना अधुरो |
| ३ | वडा नं. १२ | प्रदेश सशर्त | | २०८१।८२ | ३०००००० | ० | ० | कार्यान्वयन नभएको |

क. वडा नं. ३ मा विस्तृत परियोजना प्रतिवेदन अनुसारको कभर्डहल तथा रंगशाला निर्माण गर्ने आर्थिक वर्ष २०७९।८० मा उपभोक्ता समिति मार्फत रु.६२,५७,१२१.०० को जग उठाउनेसम्मको कार्यको भुक्तानी गरेको देखियो। पालिकाले विभिन्न विवादको कारण विस्तृत परियोजना प्रतिवेदन अनुसार कभर्डहल तथा रंगशाला निर्माण कार्य सम्पन्न भएको अवस्था देखिने एकिकृत नापी किताव वा प्रगति देखिने अभिलेख गरेको देखिदैन। पालिकाले सभाहलको निर्माण कार्य पिलिन्थलेभलको कार्यसम्म भएको र सो पश्चात विभिन्न विवादको कारण थप कार्य नभएको जनाएको छ। योजना छनौट गर्दा कार्यान्वियन सुनिश्चितता हुने गरी छनौट गर्ने र पालिकाले तयार भएको विस्तृत परियोजना प्रतिवेदन अनुसारको प्रगति अवस्था खुल्ने अभिलेख अद्यावधिक गरी तोकेको निर्माण कार्य सम्पन्न हुने गरी बजेट व्यवस्थापन र कार्यान्वियन हुनु पर्दछ।

ख. पालिकाको वडा नं. १२ मा निर्माणाधिन सभाहल र रंगशाला निर्माणमा आर्थिक वर्ष २०७७।७८ मा रु.४२,८४,३७३.०० खर्च भई अधुरो अवस्थामा रहेको र आर्थिक वर्ष २०८१।८२ मा प्रदेश सशर्तबाट प्राप्त रु.३० लाख बजेट कार्यान्वियन भएको देखिदैन। निर्माणाधिन पूर्वाधार निर्माण कार्य सम्पन्न हुने गरी बजेट व्यवस्थापन गर्ने र प्राप्त बजेट समेत कार्यान्वियन गर्नु पर्दछ।

६९ **दिगो बन व्यवस्थापन**

दिगो वन व्यवस्थापनमा सुधार गर्ने, वनबाट प्राप्त हुने फाइदाहरु वृद्धि गर्ने र नेपालको मधेश प्रदेश र लुम्बिनी प्रदेश स्थित छनौट गरिएका स्थानीय तहहरु भित्र खुद हरित गृह ग्यासँ उत्सर्जन न्यूनीकरणमा योगदान दिने उद्देश्यले नेपाल सरकार र विश्व बैङ्कको अनुदानमा आधारित भएर समृद्धिका लागि वन कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रमको लागि विश्व बैकबाट सोधभर्ना हुने अनुदान तथा कृषि विकास बैङ्क मार्फत प्रवाह हुने वन उद्यमको विकास तथा सुधारको लागि ऋणको रुपमा बजेट स्वीकृत भएकोले कार्यक्रम कार्यान्वियन गर्दा नेपाल सरकारले खर्च गरी सोको प्रतिवेदन पश्चात मात्र विश्व बैङ्कबाट नेपाल सरकारलाई सोधभर्ना हुने व्यवस्था रहेको छ । पालिकाले समृद्धिका लागि वन कार्यक्रम मार्फत आर्थिक वर्ष २०८१।०८२ मा ७.२ हेक्टर क्षेत्रफलमा १२००० विरुवा वृक्षारोपण गरेको र ११५२० विरुवा हुर्केको प्रतिवेदन दिएको छ। रोपिएका विरुवाहरु हेरचाह र संरक्षण गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

७० **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउनएवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्रप्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका १३ वडामा १८ योजना सञ्चालन गरी यस वर्ष ७७ जनालाई औसत ६२.२२ दिनले ४७९१ दिन रोजगारी उपलव्ध गराई रु ३२००३८८ श्रमिकज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दायोजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरीयोजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामकोदीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थिततवरले कार्य सञ्चालन गर्नुपर्दछ।

७१ **नगर अस्पताल**

कार्यालय र श्यामसुन्दर/एन.वी.जे.भी., वुटवल विच १८ महिना भित्र पन्ध्र शैय्याको नगर अस्पताल भवन निर्माण सम्पन्न गर्ने गरी २०७८।३।२५ मा रु.९,४५,९९,६१९.०० को सम्झौता भएकोमा जग्गा विवाद भएको र समाधान पश्चात कम क्षेत्रफलमा तला थप सहित भवन निर्माण गर्न भेरियशन गरेकोले संशोधित सम्झौता रु.९,९३,२५,२८०.०० र निर्माण अवधि समेत २०८१।८।५ देखि १५ महिना कायम गरेको देखियो। आर्थिक वर्ष २०८१।

८२ को अन्त्यसम्म रु.१,६७,२९,६१८.०० को कार्य भएको र पेश्की रु.१,६३,६८,४७९.०० मध्ये भुक्तानीबाट रु.६९,१३,४०८.०० पेश्की कट्टा गरेको अवस्था रहेको छ। निर्माण सम्झौता अनुसार तोकेको समयमा निर्माण सम्पन्न गरी अस्पताल सञ्चालन हुनु पर्दछ।

| सुरु | रु. | संशोधित | रु. |
|---|---|---|---|
| सुरु लागत अनुमान | १३६४२०६६६ | संशोधित लागत अनुमान | १४३३८७६४५ |
| सुरु सम्झौता | ९४५९९६१९ | संशोधित लागत अनुमान | ९९३२५२८० |
| सुरु प्लिन्थ क्षेत्रफल र तला | १३७२.७६ वर्गमिटर, २ तला भवन | सुरु प्लिन्थ क्षेत्रफल र तला | ११५२.८२ वर्गमिटर, ३ तला भवन |
| सम्झौता अवधि | २०७८।३।२५ देखि १८ महिनासम्म | संसोधित | २०८१।८।५ देखि १५ महिनासम्म |
| आर्थिक वर्ष २०८१।८२ को अन्त्यसम्म भुक्तानी | १६७२९६१८ | | |
| पेश्की बाँकी | ९४५५०७१ | | |
| म्याद थपको कारण | जग्गा विवाद र कम क्षेत्रफलमा थप तला भवन निर्माण गर्न भेरियशन | | |

### ७२ बिल भरपाई वेगर भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले गोश्वरा भौचर नं. ४०३ बाट हाइवेदेखि तुरिया दक्षिणबाटो इन्टरलक कार्य वापत रु.८६७५। भुक्तानी गरेकोमा उक्त रकमको बिल भरपाई संलग्न नभएकोले सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने भनि आन्तरिक लेखापरीक्षणबाट औल्याएकोले असुल गर्नु पर्ने रु.

| असुल गर्नुपर्ने | ८,६७५ |
|---|---|

### ७३ बढी भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले गोश्वरा भौचर नं. १५ बाट युनाइटेड सडक कालोपत्रे बेलारी पुर्व सडक स्तरोन्ती कार्यको प्राविधिक मुल्याङ्कन गरी रु. १५,७३,३०६।४९ को बिल पेश भएकोमा पालिकाले बिल भुक्तानी गर्दा रु.१५,७६,३०६।४९ मू.अ.कर समेत बिल भुक्तानी गरेको भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएकोले बिलभन्दा बढी भुक्तानी भएको रु.३०००। सम्बन्धितबाट असुली गर्नु पर्नु रु.

| असुल गर्नुपर्ने | ३,००० |
|---|---|

### ७४ खर्च पुष्ट्याई पेश गर्नुपर्ने

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले गोश्वारा भौचर नं. ३४४ बाट युवा तथा खेलकुद सम्बन्धि कार्यक्रमको रु.२४,५५०। को बिल भर्पाइ संलग्न गरी कार्यक्रमको भुक्तानि माग भएकोमा नगरपालिकाबाट रु.९७,५००। भुक्तानी भएको भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको देखिएकोले विल भरपाई भन्दा बढी भुक्तानी रकम रु. ७२,९५०। को खर्च पुष्ट्याइको आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा भुक्तानी प्राप्त गर्नेबाट असूल गर्नुपर्ने रू.

| प्रमाण पेश नगरेको | ७२,९५० |
|---|---|

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सुनवल नगरपालिका, नवलपरासी , सुनवल नगरपालिका , नवलपरासी बर्दघाट सुस्ता पश्चिम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | MADAN BAHADUR G C | २०८१-२-२ | २०८१-६-११ |
| कार्यालय प्रमुख | शेषकान्त पौडेल | २०८१-७-२६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | बृहस्पती घिमिरे | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,८२९,८४१ | ३,१०७,९५२ | ३,०८२,४७७ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ८,०२०,२७० |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ३,१५२,६४२ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ४,८६७,६२८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १८५३३०४५९ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ८४२७६८६०४ | चालु खर्च | ७८३६२६८८९ |
| प्रदेश सरकारबाट अनुदान | ५२०३८२७६ | पूँजीगत खर्च | २३२९७२७५५ |
| राजश्व बाँडफाँट | २५९४६९३२ | वित्तीय/अन्य व्यवस्था | ३८८६१३१९ |
| आन्तरिक आय | १०५४९४९७६ | | |
| अन्य आय | ७७४९७१५.० | | |
| कुल आय | १०३३९९८५०३.० | कुल खर्च | १०५५४६०९६३ |
| बाँकी मौज्दात | | १६३८६७९९९ | |

**अनुसूची - २**

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | २०३८०३९७८.०७ | ० | २०३८०३९७८.०७ | १९६८१९४४६.७५ | ० | १९६८१९४४६.७५ |
| १३००० | अनुदान | | ४३७०९०२३९.३ | ० | ४३७०९०२३९.३ | ४३२५३४०७९. | ० | ४३२५३४०७९. |
| १४००० | अन्य राजस्व | | ८८३१७३०७.९९ | ० | ८८३१७३०७.९९ | ८६४३६४४४.७३ | ० | ८६४३६४४४.७३ |
| १५००० | विविध प्राप्ति | | ३१३५३४. | ० | ३१३५३४. | ३,५२५.०० | ० | ३,५२५.०० |
| ३३३४३ | विज्ञापन कर | | ० | ० | ० | ० | ० | ० |
| क | **कुल जम्मा प्राप्ति** | | ७२९५२५०५९.३६ | | ७२९५२५०५९.३६ | ७१५७९३४९५.४८ | | ७१५७९३४९५.४८ |
| ३ | चालु | | ५०३३४१७८७.८२ | ० | ५०३३४१७८७.८२ | ५१४८४६२९७.७७ | ० | ५१४८४६२९७.७७ |
| २१००० | पारिश्रमिक / सुविधा | | ३२६१४४५६५.८२ | ० | ३२६१४४५६५.८२ | २८५१८२९२२.७८ | ० | २८५१८२९२२.७८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १०१०५५७२१. | ० | १०१०५५७२१. | १७६७०७३१६.९९ | ० | १७६७०७३१६.९९ |
| २५००० | सहायता (Subsidy) | | ६५३२२३६२. | ० | ६५३२२३६२. | ४१३८१५१९. | ० | ४१३८१५१९. |
| २७००० | सामाजिक सुरक्षा | | ८३७७३६५. | ० | ८३७७३६५. | ७८५४५६४. | ० | ७८५४५६४. |
| २८००० | अन्य खर्च | | २४४१७७४. | ० | २४४१७७४. | ३७१९९७५. | ० | ३७१९९७५. |
| ४ | पूंजीगत | | २२९४५९१५५. | ० | २२९४५९१५५. | २१९२८२८४८. | ० | २१९२८२८४८. |
| ३१११० | भवन तथा संरचना | | १२७६७१६२. | ० | १२७६७१६२. | ४५१५१०९४. | ० | ४५१५१०९४. |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | | २६४१२१००. | ० | २६४१२१००. | ८२४५७९५. | ० | ८२४५७९५. |
| ३११३० | अन्य पूँजीगत खर्च | | ५३८७७९. | ० | ५३८७७९. | १८०००००. | ० | १८०००००. |
| ३११४० | सुरक्षा उपकरण | | ४२६३९१. | ० | ४२६३९१. | ० | ० | ० |
| ३११५० | सार्वजनिक निर्माण | | १८६२११८५९. | ० | १८६२११८५९. | १५४५१२८९१. | ० | १५४५१२८९१. |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | १९८७४३१. | ० | १९८७४३१. | ७३५०२९२. | ० | ७३५०२९२. |
| ३११७० | पूँजीगत सुधार खर्च | | १११५४३३. | ० | १११५४३३. | २२२२७७६. | ० | २२२२७७६. |
| ख) | **कुल जम्मा भुक्तानी** | | ७३२८००९४२.८२ | | ७३२८००९४२.८२ | ७३४१२९१४५.७७ | | ७३४१२९१४५.७७ |
| ग) | **बचत /कमी (ग = क-ख )** | | -३२७५८८३.४६ | | -३२७५८८३.४६ | -१८३३५६५०.२९ | | -१८३३५६५०.२९ |
| घ) | **धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)** | | -१८१३२५१४. | | -१८१३२५१४. | -८०५३००.६ | | -८०५३००.६ |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | | | -१,३१६.०० | | -१,३१६.०० |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ)** | | -२१४०८३९७.४६ | | -२१४०८३९७.४६ | -१९१४०९५०.८९ | | -१९१४०९५०.८९ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | | १८५३३०४५८.९२ | | १८५३३०४५८.९२ | २०४४७१४०९.८१ | | २०४४७१४०९.८१ |
| छ) | **विनिमय नाफा/ घाटा तथा अन्य समायोजन** | | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | १६३९२२०६१.४६ | | १६३९२२०६१.४६ | १८५३३०४५८.९२ | | १८५३३०४५८.९२ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदन पेश भएकोमा प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नभएको, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई गुणस्तरीय तथा प्रभावकारी बनाउनुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।